राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञावर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ३, साउन १६ गते शुक्रबार, २०८२ (1 August, 2025) | www.janajibro.com | मूल्य रू. १०।-

# प्रचण्ड–जनार्दन घोचपेचको समाधान खोजिँदै

## • पदाधिकारी बैठक सम्पन्न • स्थायी समिति हुँदै केन्द्रीय समिति बैठकको तयारी

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) को पदाधिकारी बैठक सम्पन्न भएको छ। लगत्तै स्थायी समिति र त्यसपछि केन्द्रीय समितिको बैठक राख्ने तयारी गरिरहेको माओवादीले यिनै बैठकको एजेन्डा तय गर्न पदाधिकारी बैठक बोलाएको हो।

उपमहासचिव जनार्दन शर्माले नेतृत्व, नीति, विधि र कार्यक्रमका सम्बन्धमा उठाउँदै आएका विषयहरू माओवादीभित्र बहसमा रहेका बेला शृङ्खलाबद्ध रूपमा बस्ने सवै तहका बैठकमा अन्य नियमित र सामयिक विषयवस्तुका साथै शर्माले उठाएका मुद्दाहरूमा समेत छलफल हुने नेताहरूले बताएका छन्। करिव आधा घन्टा मात्रै चलेको पदाधिकारी बैठकमा अध्यक्ष प्रचण्डले स्थायी समितिका सम्भावित एजेन्डाहरू अघि सार्दै नेताहरूका सुझाव मागेको र तिनै एजेन्डालाई अन्तिम रूपम दिने काम भएको जानकारी माओवादी नेता दिनानाथ शर्माले दिएका छन्। 'अध्यक्ष प्रचण्डले पार्टीको आन्तरिक एकता भन्ने एजेन्डा राखेर त्यसैभित्र जनार्दनजीले उठाएका विषयमा समेत छलफल गर्ने तयारी गर्नुभएको छ,' शर्माले भने- 'पदाधिकारी बैठमा छलफल गरेर पनि टुंगो लाग्ने विषय थिएन; त्यसैले आन्तरिक एकताको एजेन्डाअन्तर्गत स्थायी समितिमा छलफल हुने तय भयो।'

स्थायी समितिमा पार्टीले सञ्चालन गरेको अभियानको समीक्षा र पछिल्लो राजनीतिक अवस्थाका बारेमा पनि छलफल गरी निर्णय लिइने शर्माले बताए। आफूमाथि पार्टीभित्र छुट्टै गुट चलाएको र पार्टी विभाजनको तयारी गरेको जस्ता आरोप हेडक्वार्टरले नै लगाएको उपमहासचिव शर्माले बताएका थिए।

सामाजिक सञ्चालमा चारबुँदे भनाइ सार्वजनिक गरेर शर्माले विशेष महाधिवेशन गरी पार्टी पुनर्गठन गर्नुपर्ने प्रस्ताव

क्रमशः अन्तिम पृष्ठमा

# काम गर्न नसके मोर्चा विघटन गरौं : विप्लव

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), नेपाल कम्युनिस्ट पार्टीलगायत आबद्ध समाजवादी मोर्चाले देशका सातै प्रदेशमा कार्यक्रम गरी सरकारविरुद्ध खबरदारी गर्ने भएको छ। एकीकृत समाजवादीको केन्द्रीय कार्यालय आलोकनगरमा मंगलबार बसेको मोर्चाको बैठकले छिट्टै नै सातै प्रदेशमा कार्यक्रम गर्ने निर्णय गरेको हो।

एकीकृत समाजवादीका उपाध्यक्ष प्रमेश हमालका अनुसार सरकारविरुद्ध खबरदारीका साथसाथै समाजवादी आन्दोलन अघि बढाउने विषयमा पनि सातै प्रदेशमा विमर्श गरिनेछ। चैत १५ मा गणतन्त्रको पक्षमा भव्य कार्यक्रम गर्नु आफैंमा ठूलो उपलब्धि भएको निष्कर्ष निकाल्दै त्यसयता मोर्चाका गतिविधि हुन नसकेकामा समीक्षा गरेको समेत उनले बताए। 'मोर्चा निष्क्रिय भएमा यसको औचित्य सकिन्छ, त्यसकारण आफ्नो उद्देश्यअनुसार निरन्तर कार्यक्रम गर्ने निर्णय भएको छ'- उनले भने। मोर्चाको सचिवालयले आगामी कार्यक्रम तय गर्ने जानकारी उनले दिए।

बैठकमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेकपाका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' लगायतका नेताहरू सहभागी थिए। दुई वर्षअघि गठन भएको चारदलीय मोर्चामा हाल संयोजक रहेका विप्लवले यसअघि मोर्चा विघटनको 'प्रस्ताव' राखेका थिए। संयोजक विप्लवले त्यस्तो प्रस्ताव राखेपछि मोर्चाको औचित्यमाथि गम्भीर प्रश्न उब्जिएको थियो। मोर्चाले निर्दिष्ट लक्ष्यअनुसार काम नगरेको भन्दै माओवादी अध्यक्ष प्रचण्ड र समाजवादी अध्यक्ष माधवकुमार नेपालसँग भेटेर मोर्चाको औचित्यमाथि गम्भीर प्रश्न उठाएका थिए। उनकै चेतावनीपूर्ण दबाबपछि प्रचण्ड र नेपाल मंगलबार बैठक राख्न तयार भएको स्रोतको भनाइ छ।

एक नेताका अनुसार बैठकमा विप्लवले माओदी केन्द्र र एकीकृत समाजवादीको नेतृत्वले मोर्चाका गतिविधिलाई प्रभावकारी बनाउनुभन्दा आ-आफ्नै स्वार्थमा बढी ध्यान केन्द्रित गरेको भन्दै असन्तुष्टि व्यक्त गरे। 'विप्लवजीले देश र जनताको पक्षमा मोर्चाले प्रभावकारी काम गर्न नसक्ने हो भने विघटन गरिदिऊँ; आ-आफ्नै पार्टी गतिविधिमा लागौं; मोर्चामा समय दिने कुरामा पनि नेताहरूमा समस्या देखियो भनेर तीतो पोख्नुभयो,' तीन नेताको भनाइ छ- 'देशलाई प्रतिक्रियावादीहरूले घेराबन्दी गर्दै लगेका छन्, जनतामा व्यापक निराशा छ, हामीले भने जसरी गतिविधि गर्ने कुरामा पनि समस्या देखियो, देश र जनताको पक्षमा काम गर्न नसक्ने हो भने मोर्चा विघटन गरिदिऊँ भन्नुभयो।' मोर्चाका प्रवक्ता खड्गबहादुर विश्वकर्माले भने विप्लवले

क्रमशः अन्तिम पृष्ठमा

# लेनिनकृत 'के गर्ने ?' सारांश र विश्लेषण

**समय- सन्देश**
**नारायण गिरी**

'के गर्ने ?' भीआई लेनिन (१८७०-१९२४) द्वारा लिखित एउटा यस्तो पुस्तक हो, जसले सम्पूर्ण संसारको क्रान्तिकारी परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेल्यो। लेनिन रूसका प्रमुख क्रान्तिकारी नेता थिए। उनले रूसमा बोल्शेभिक कम्युनिष्ट पार्टीको स्थापना गरे र सन् १९१७ को महान अक्टुबर क्रान्तिको नेतृत्व गरे। उनी मार्क्सवादी विचारक थिए। उनले रूसमा समाजवादी राज्यको स्थापनामा महत्त्वपूर्ण भूमिका निभाए। उनका विचारबाट विश्वव्यापी रूपमा क्रान्तिकारी आन्दोलन प्रभावित भयो।

लेनिनको यो पुस्तक एउटा राजनीतितक दस्तावेज मात्र नभएर सङ्गठन, अनुशासन, कार्यनीति, रणनीति र एक विशाल लक्ष्यलाई हासिल गर्नको लागि मनोविज्ञानमाथि गरिएको एउटा गहिरो चिन्तन हो। आज पनि यो पुस्तकमा उल्लेख गरिएका सिद्धान्त क्रान्तिकारी आन्दोलनमा लागू हुन्छन्। यो पुस्तकको उद्देश्य समाजवादी आन्दोलनमा क्रान्तिकारी पार्टीको सङ्गठनात्मक र वैचारिक भूमिकालाई स्पष्ट बनाउनु थियो। के गर्ने ?' पुस्तक सन् १९०१-१९०२ को अवधिमा लेखिएको थियो। यसले 'इस्क्रा' मा प्रकाशित लेख 'कसरी सुरु गर्ने ?' को विचारधारालाई अगाडि बढायो। यसको मुख्य उद्देश्य के थियो भने श्रमिक वर्गलाई केवल आर्थिक सङ्घर्ष (तलब, कामका घन्टा, आदि) को माध्यमबाट मात्र राजनीतिक रूपले उन्नत बनाउन सकिंदैन। उनीहरूलाई मार्क्सवादी विचारधाराबाट लैस गराउनको लागि एक प्रशिक्षित क्रान्तिकारी दलको आवश्यकता हुन्छ। त्यसलाई लेनिन अग्रदस्ता पार्टी भन्थे।

लेनिनले अनुशासित, प्रशिक्षित र प्रतिबद्ध पेशेवर क्रान्तिकारीहरूको सङ्गठनबिना समाजवादी क्रान्ति असम्भव छ भन्ने कुरामा जोड दिए। उनका अनुसार सैद्धान्तिक आधारबिना क्रान्तिकारी आन्दोलन सञ्चालन

क्रमशःदोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- ३, साउन १६ गते शुक्रबार, २०८२

**सम्पादकीय**

# समाजवादी मोर्चा : प्रश्न र औचित्य

माओवादी केन्द्र, एकीकृत समाजवादी र नेकपा सम्मिलित समाजवादी मोर्चाको भूमिका, कर्तव्य, उद्देश्य र उपादेयताबारे बारम्बार गम्भीर प्रश्नचिह्न उठ्दै आएका छन् । एमालेको समर्थनमा माओवादी अध्यक्ष प्रचण्ड प्रधानमन्त्री रहेका बेला सत्ताइतर विप्लव नेतृत्वको घटक तथा सत्तासीन माओवादी केन्द्र र एकीकृत समाजवादी मिलेर गठन भएको मोर्चा खास केका लागि गठन भएको हो भन्ने कुरालाई नै सरोकारवालाहरूले राम्ररी प्रष्ट्याउन सकिरहेका छैनन् ।

सिद्धान्ततः र सामान्यतः दलहरूबीचको मोर्चाबन्दी दुई अवस्थामा हुन्छन्- एक, सत्ता गठन र सञ्चालनका लागि सत्ताधारी दल-समूहहरूको मोर्चाबन्दी र दोस्रो, सत्तासँग लड्नका लागि विपक्षमा रहेका वा संसद् या सदनमै नरहेका दलहरूका बीचको मोर्चाबन्दी । तर, यो अनौठो मोर्चामा भने समग्र राज्यप्रणाली नै मान्दैनौं भनिरहेको खेमा र सत्तामा रहेका खेमाहरूबीचको मोर्चाबन्दी भयो । भलै, पछि माओवादी केन्द्र र एस दुवै सत्ताबाट बाहिरिन पुगेपछि चाहिँ यो मोर्चा पूर्णतः सत्ताइतरकै मोर्चाबन्दी हुन पुग्यो ।

सुरुमा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले समाजवादी मोर्चा औचित्यहीन भयो भन्दै यसको विघटन गर्नुपर्ने वकालत गरे । पछिल्लो चरणमा भने मोर्चाकै अध्यक्षता गरिरहेका विप्लवले मोर्चा विघटन गरिदिऊँ भन्दै 'प्रस्ताव' नै सार्वजनिक गरे । नेतृत्वकर्ताहरूले नै बारम्बार औचित्य ठान्न नसकेको मोर्चा सम्बन्धित दलका कार्यता र अझ आम जनताका लागि त किन पो चाहिएला र !

## लेनिनकृत...

हुनसक्दैन र यसको लागि वैचारिक क्रान्तिको आवश्यकता हुन्छ । यो पुस्तकमा वैचारिक प्रबलतालाई स्पष्ट बनाइएको छ । यहाँ कुनै पनि आन्दोलनको जग सही र स्पष्ट विचारमा टिकेको हुन्छ भन्ने कुरा पनि स्पष्ट बनाइएको छ । यो पुस्तकमा क्रान्तिको सहजता र चेतनाको बीचमा गहन फरकलाई दर्शाइएको छ । लेनिनले यहाँ मजदूरहरूको असन्तुष्टिले स्वतः क्रान्ति ल्याउन सक्दैन, उनीहरूलाई एक वैचारिक दिशा दिनु आवश्यक हुन्छ भन्ने कुरा स्पष्ट बनाएका छन् ।

यो पुस्तकमा विचारहरूको स्पष्टता, सचेतनाको आवश्यकता र राजनीतिको वास्तविक अर्थलाई बुझाइएको छ । यो पुस्तकमा लेनिनले पेशेवर क्रान्तिकारीको सङ्गठनको विचारलाई स्पष्ट रूपमा बुझाएका छन् । यो सङ्गठन सानो, गोपीनीय, अनुशासित र केन्द्रीकृत हुन्छ । लेनिनले यो पुस्तकमा सफल क्रान्तिको लागि वैचारिक स्पष्टता, सचेत नेतृत्व र एउटा पेशेवर तथा अनुशासित सङ्गठन कति आवश्यक हुन्छ भन्ने कुरा स्पष्ट बनाएका छन् । यहाँ कसरी गोपनीयता र जनवादको बीचमा सन्तुलन साधना हुन्छ भन्ने कुरालाई पनि प्रष्ट बनाइएको छ । यो पुस्तकमा स्थानीय र अखिल रूसी कामको बीचमा हुने तनावलाई बुझाइएको छ । लेनिनका अनुसार छरिएको आन्दोलनलाई एक राष्ट्रिय शक्तिमा परिवर्तित गर्नु अति आवश्यक हुन्छ । वा् 'के गर्ने ?' पुस्तकमा लेनिनले क्रान्तिलाई सफल बनाउनको लागि आवश्यक तत्त्वहरूलाई तह-तहमा बुझाएका छन् । उनले यहाँ अखिल रूसी अखबार (इस्क्रा) को भूमिकालाई स्पष्ट बनाएका छन्, जसले सङ्गठन बनाउनको लागि एक उचाईको काम गर्छ । यो पुस्तकमा क्रान्तिको तयारीको हरेक पक्षलाई लिएर विश्लेषण गरिएको छ । यसमा वैचारिक प्रबलता, चेतनाको विकास, अखबार र राजनीतिक भण्डाफोरको महत्त्वलाई बडो रोचक ढङ्गले स्पष्ट बनाइएको छ । यहाँ क्रान्तिको लागि विचार, चेतना, रणनीति र योजना कति महत्त्वपूर्ण हुन्छ भन्ने कुरालाई गहिरोसँग विश्लेषण गरिएको छ । यी सबै कुरालाई व्यवहारिक रूप दिनको लागि एउटा ठोस र प्रभावकारी सङ्गठन आवश्यक हुन्छ ।

यो पुस्तकबाट प्राप्त गर्नसकिने सबभन्दा मुख्य शिक्षा भनेको विचार र सिद्धान्तको महत्त्वपूर्ण बुझाई हो । लेनिन पटक-पटक क्रान्तिकारी सिद्धान्तबिना कुनै पनि क्रान्तिकारी आन्दोलन हुनसक्दैन भन्ने कुरामा जोड दिन्छन् । कुनै पनि विशाल परिवर्तनको जग एक प्रबल वैचारिक आधारमा मात्र राख्न सकिन्छ । वैचारिक स्पष्टता भएन भने कुनै पनि आन्दोलन झिनामसिना सफलतामा अल्झिरहनेछ र आफ्नो विशाल लक्ष्यसम्म कहिल्यै पुग्न सक्दैन ।

यो पुस्तकबाट पाइने अर्को शिक्षा भनेको जोश र सङ्गठनको बीचको सन्तुलनको महत्त्व हो । हामी प्रायः कुनै पनि काम गर्नको लागि जोश वा अभिलाभा नै पर्याप्त हुन्छ भन्ने ठान्छौं तर लेनिनका अनुसार जोश इन्धन मात्र हो । त्यो इन्धनलाई एक शक्तिशाली इन्जिनमा हाल्नुपर्ने हुन्छ र त्यो इन्जिन सङ्गठन हो । लेनिनले अनुभवहीनता र रुचि अनुसार अगाडि बढ्ने प्रवृत्तिलाई आन्दोलनको सबभन्दा गम्भीर दुश्मन बताए । क्रान्तिको सफलताको लागि हामीले पूर्णकालीन पेशेर दृष्टिकोण अपनाउनैपर्ने हुन्छ । यसको लागि अनुशासन, रणनीति, योजना र निरन्तर सिक्ने प्रक्रियालाई अपनाउनुपर्छ । लेनिनको पेशेवर क्रान्तिकारीको विचारबाट आफ्नो लक्ष्यप्रति पूर्ण रूपले समर्पित हुनुपर्छ भन्ने कुरा सिक्न सकिन्छ । त्यसलाई अल्पकालीन रुचि अनुसार होइन, बरु पूर्णकालीन पेशाको रूपमा लिनुपर्छ ।

यो पुस्तकको अर्को महत्त्वपूर्ण शिक्षा भनेको स्थानीय र वैश्विक वा सानो र ठूलोको बीचमा सम्बन्ध स्थापित गर्नु हो । लेनिनले कसरी स्थानीय सङ्गठनलाई सम्पूर्ण रूसको आन्दोलनमा मिलाउनु आवश्यक छ भन्ने कुरा स्पष्ट बनाए । यसबाट हामीले विशाल तस्विर हेर्ने आदत बनाउनुपर्छ भन्ने कुरा बुझ्न सकिन्छ । हामीले आफ्ना व्यक्तिगत समस्या वा इलाकाका समस्या प्रायः विशाल राष्ट्रिय वा वैश्विक नीति तथा व्यवस्थाको परिणाम हुन्छन् भन्ने कुरा बुझ्नुपर्छ । यसले हामीलाई साना-साना दायराबाट बाहिर निकालेर एक व्यापक र समावेशी दृष्टिकोण अपनाउनको लागि प्रेरित गर्छ । लेनिनको यो पुस्तक सोच्ने, विश्लेषण गर्ने र गुनासो गर्ने बारेमा मात्र लेखिएको छैन, यो अन्ततः केही गर्ने बारेमा लेखिएको हो । यसले परिवर्तन चाहनेले त्यसको जिम्मेवारी लिनुपर्छ, सङ्गठित हुनुपर्छ, योजना बनाउनुपर्छ र फेरि त्यो योजनामाथि काम गर्नुपर्छ भन्ने कुरा बताउँछ । परिवर्तन स्वतः आउँदैन, त्यसलाई ल्याउनुपर्छ ।

### जडसूत्रवाद र "आलोचनको स्वतन्त्रता"

उन्नाईसौं शताब्दीको अन्त्य र बीसौं शताब्दीको सुरुवातमा रूसको माहौल धेरै जटिल थियो । एकातिर जारको कठोर शासन थियो; त्यहाँ सर्वसाधारणको आवाजको कुनै मूल्य थिएन । अर्कोतिर यो दमनको विरुद्धमा एक नयाँ चेतना जागृत भइरहेको थियो । मार्क्स-एङ्गेल्सका विचारहरूबाट प्रेरित भएर धेरै समूह बनिरहेका थिए । तिनीहरूले मजदुर र किसानहरूको हक-अधिकारको कुरा गरिरहेका थिए । यी सबै समूहले आफूलाई सामाजिक-जनवादी भन्थे र उनीहरूको सपना समाजवादी क्रान्ति गर्नु थियो ।सपना एउटा भए पनि मार्ग अनेकौं थिए । र, यहींबाट वास्तविक सङ्घर्षको सुरुवात भयो ।

त्यतिबेला यी क्रान्तिकारी समूहहरूको बीचमा एउटा धेरै महत्त्वपूर्ण बहस चलिरहेको थियो । बहस आन्दोलनको मार्ग कस्तो हुनुपर्छ भन्ने विषयमा चलेको थियो । एउटा विचार पुरानो स्थापित सिद्धान्तमा आँखा चिम्लेर कायम रहनुपर्छ भन्ने थियो, जसलाई लेनिनले जडसूत्रवाद भने । अर्कोतिर आफ्नै सिद्धान्त, आफ्नै रणनीतिमा प्रश्न गर्ने, त्यसको आलोचना गर्ने र आवश्यकता अनुसार त्यसलाई परिवर्तन गर्ने स्वतन्त्रता हुनुपर्छ भन्ने थियो । लेनिन यो पुस्तकको सुरुवात यही बहसबाट गर्दछन् ।

लेनिनका अनुसार एउटा समूहले आलोचनाको स्वतन्त्रताको नारा अत्यन्तै जोडपूर्वक लगाइरहेको थियो । यो नारा सुन्दा त धेरै राम्रो जस्तो लाग्थ्यो । आलोचना गर्ने स्वतन्त्रता, प्रश्न उठाउने स्वतन्त्रता प्रगतिशील देखिन्छ । तर लेनिन यहाँ धेरै मनोवैज्ञानिक र रणनीतिक प्रश्न उठाउँछन् । उनका अनुसार यो नारा कसले लगाइरहेको छ र कुन उद्देश्यले लगाइरहेको छ भन्ने कुरामा हामी स्पष्ट हुनुपर्छ । उनले एउटा यस्तो धारातिर सङ्केत गरेका थिए, जसलाई अर्थवादी भनिन्थ्यो । यिनीहरूका अनुसार मार्क्सका क्रान्तिकारी सिद्धान्तको रापलाई कमजोर बनाउनुपर्छ भन्ने थियो । उनीहरूको मान्यता अनुसार मजदूहरूलाई विशाल क्रान्तिको कुरा गरेर भड्काउनु हुँदैन, बरु हामीले तिनीहरूको दैनिक आर्थिक मुद्दामा ध्यान दिनुपर्छ, जस्तो उत्कृष्ट ज्याला, कामका घन्टा कम गराउनु र काम गर्ने उत्कृष्ट स्थिति बनाउनु ।

अर्थवादीहरू आन्दोलनलाई केवल एक ट्रेड-युनियनवादी आन्दोलनमा सीमित गरिदिनुपर्छ भन्ने चाहन्थे । आफ्नो यो विचारलाई सही ठहऱ्याउनको लागि उनीहरू आलोचनाको स्वतन्त्रताको नाराको प्रयोग गरिरहेका थिए । उनीहरू भनिरहेका थिए, मार्क्स-एङ्गेल्सका पुराना सिद्धान्त अब धेरै प्रासङ्गिक रहेनन् र हामीलाई ती विचारको आलोचना गरेर तिनीहरूलाई समयको हिसाबले प्रयोग गर्ने स्वतन्त्रता हुनुपर्छ ।

लेनिनले यो षड्यन्त्रलाई बुझे । उनले के स्पष्ट बनाए भने यो आलोचनाको स्वतन्त्रता वास्तवमा अवसरवादको स्वतन्त्रता हो । यो आफ्नो मूल सिद्धान्तबाट विचलित हुने, आफ्नो महान लक्ष्यलाई भुल्ने र सजिलो मार्ग छनौट गर्ने स्वतन्त्रता हो । मानौं, तपाईं र तपाईंका केही साथी एउटा पहाड चढ्न लाग्नुभएको छ । तपाईंहरू सबै एउटा डोरीले बाँधिनुभएको छ र एक-अर्कोको साहारा हुनुहुन्छ । तपाईंसँग एउटा योजनाको नक्सा छ । तर बीच बाटोमा पुगेपछि तपाईंको एउटा साथीले भन्छ - रोकियौं, मलाई यो पुरानो नक्साको आलोचना गर्ने स्वतन्त्रा चाहियो । मलाई लाग्छ, यहाँबाट सीधा जानुको सट्टा हामीले यो छेउको ढलानमा उत्रिनुपर्छ । त्यहाँ एउटा सुन्दर झरना छ । हामी केही समय त्यहाँ आराम गरौं । यो कुरा सुन्दा कति सुन्दर लाग्छ ।

तर, के यो सही हुन्छ त ? लेनिन भन्छन्- कदापि हुँदैन । किनकि त्यो साथीको उद्देश्य पहाडको टुप्पामा पुग्नु नभएर जटिल मार्गबाट बचेर निक्लिनु हो । ऊ आलोचनाको स्वतन्त्रताको प्रयोग समूहलाई लक्ष्यबाट भट्काउनको लागि गरिरहेको छ । उसको चाहना हामी सबैले त्यो खतर्नाक मार्गलाई त्यागेर एक सहज तर गलत मार्गमा जाऔं भन्ने हो । लेनिनका अनुसार यही काम ती अर्थवादीले रूसको क्रान्तिकारी आन्दोलनसँग गरिरहेका थिए । उनीहरू क्रान्तिको उच्च र जटिल पहाडमा जानुको सट्टा मजदूरहरूलाई ट्रेड-यूनियनको आरामदायी झरनातिर लिएर जान चाहन्थे ।

यसबाट के बुझिन्छ भने सामाजिक परिवर्तन जस्तो कुनै पनि विशाल लक्ष्यलाई हासिल गर्नको लागि हामीले दुई चीजमा सन्तुलन कायम गर्नुपर्छ । एकातिर हामीले नयाँ जानकारी र परिवर्तित परिस्थितिको हिसाबले स्वयंलाई ढाल्नै नसक्नेगरी कठोर हुनुहुँदैन । त्यसलाई जडसूत्रवाद भनिन्छ । अर्कोतिर, हामीले आलोचना वा परिवर्तनको नाममा मूल सिद्धान्त र अन्तिम लक्ष्यलाई नै भुल्नेगरी लचिलो पनि हुनुहुँदैन ।

लेनिनको तर्क अनुसार आलोचना रचनात्मक हुनुपर्छ, विनाशकारी होइन । आलोचनाको उद्देश्य आन्दोलनलाई बलियो बनाउने हुनुपर्छ, त्यसलाई कमजोर बनाउने वा भट्काउने होइन । एउटा बलियो सङ्गठन बनाउनुभन्दा पहिले हामीले वैचारिक रूपले प्रबल हुनुपर्छ । हामी को हौं, कहाँ जान चाहन्छौं र हाम्रो मार्ग के हुनेछ भन्ने कुरालाई स्पष्ट रूपमा बुझ्नुपर्छ । यो वैचारिक स्पष्टताबिना कुनै पनि सङ्गठन समूह मात्र बन्छ । यो युद्ध जित्ने सेना बन्न सक्दैन ।

यसरी पहिलो कदम भनेको आफ्नो विचारलाई स्पष्ट बनाउनु, आफ्नो सिद्धान्तलाई परिभाषित गर्नु र आलोचनाको नाममा आन्दोलनको जरालाई काट्न चाहने मानिसहरूसँग आफ्नो सीमालाई स्पष्ट रूपले रेखाङ्कित गर्नु हो । तर दैनिक रूपमा साँझ-बिहानको खानाको लागि सङ्घर्ष गरिरहेका आम जनताले यी गहन वैचारिक बहसलाई कसरी बुझ्नेछन् भन्ने प्रश्न उत्पन्न हुन्छ । उनीहरू स्वतस्फूर्त रूपमा क्रान्तिको लागि तयार हुन्छन् वा उनीहरूलाई कुनै सहायताको आवश्यकता हुनेछ ? अब लेनिन यही प्रश्नको वरिपरि रहेका विषयवस्तुलाई अगाडि बढाउँछन् । यसले सहजता र चेतनाको बीचमा हुने फरकलाई बुझाउनेछ ।

### जनताको सहजता र सामाजिक-जनवादीको चेतना

जनसमुदायले स्वतः आफ्नो मार्ग छनौट गर्न सक्छन् कि सक्दैनन् त ? यो भन्दा अगाडि लेनिनले वैचारिक प्रबलताको कुरा स्पष्ट बनाए । कुनै पनि आन्दोलनको जग सही र स्पष्ट विचारमा टिकेको हुन्छ । लेनिन अब सम्पूर्ण सङ्घर्षशील आम जनता र मजदूर वर्गको भूमिकालाई स्पष्ट बनाउनेतिर अगाडि बढ्छन् । यहाँ लेनिन धेरै मौलिक प्रश्न उठाउँछन् । मजदूर र आम जनताको सङ्घर्षले सहज रूपमा एक क्रान्तिलाई जन्म दिन सक्छ त ? वा यो सङ्घर्षलाई सही दिशा दिनको लागि, त्यसलाई एक राजनीतिक शक्तिमा परिवर्तित गर्नको लागि बाहिरबाट एक सचेतना तथा बोधको आवश्यकता हुन्छ ?

यसलाई एक सरल उदाहरणबाट बुझ्न सकिन्छ । मानौ, कुनै कारखानामा मजदूरहरूको धेरै शोषण भइरहेको छ । उनीहरूबाट धेरै घन्टा काम लिइन्छ, ज्याला कम दिइन्छ र उनीहरूसँग खराब व्यवहार गरिन्छ । एक दिन सम्पूर्ण मजदूरहरूको सहनशक्ति समाप्त हुन्छ र उनीहरूले सहज रूपमा हड्ताल गर्दछन् । उनीहरू यन्त्र सञ्चालन गर्न बन्द गरिदिन्छन्, नारा लगाउँछन् र मालिकको विरुद्धमा आफ्नो असन्तुष्टि प्रकट गर्दछन् । यो असन्तुष्टि प्रकट भएर हड्ताल हुनु सहजताको परिणाम हो । यसमा कसैले योजना बनाएका थिएनन् । यो वर्षौंको दमनको एक स्वभाविक विस्फोट थियो ।

लेनिनका विरोधी अर्थात् अर्थवादी यही सहजताको पूजा गर्दथे । उनीहरूका अनुसार हामीले केवल प्रतीक्षा गर्नुपर्छ, शोषण बढ्दै गएपछि मजदूहरूको असन्तुष्टि आफै उम्लिनेछ, उनीहरू स्वयं हडताल गर्नेछन् र विस्तारै-विस्तारै आफ्नो अधिकारको लागि सङ्घर्ष गर्न सिक्नेछन् । हामीले बाहिरबाट उनीहरूलाई केही सिकाउनु र कुनै राजनीतिक ज्ञान दिनुको आवश्यकता पर्दैन । उनीहरूको काम स्वतः हुनेछ । उनीहरूको मान्यता अनुसार मजदुरहरूको सङ्घर्षले स्वाभाविक रूपमा समाजवादी चेतनालाई जन्म दिन्छ ।

यद्यपि लेनिन यो विचारसँग बिल्कुल सहमत थिएनन् । उनले भने, यस्तो कदापि हुँदैन । उनका अनुसार मजदुरहरूको यो सहज सङ्घर्ष, यो असन्तुष्टि आफैमा धेरै शक्तिशाली हुन्छ तर यसको एक सीमा हुन्छ । उनीहरूले सङ्घर्ष गरेर आफ्नो ज्यालमा केही वृद्धि गराउनेछन्, आफ्नो कामका घन्टा शायद केही कम गराउनेछन् वा कारखाना मालिकसँग केही राम्रो व्यवहारको बाचा गराउनेछन् । यो सङ्घर्ष केवल ट्रेड-यूनियनको स्तरमा मात्र रहनेछ । यी मजदूरले समस्या केवल एउटा कारखानाको मालिकमा मात्र नभएर सम्पूर्ण प्रणालीमा छ भन्ने कुरा कहिल्यै सोच्न सक्नेछैनन् । उनीहरूले आफ्नो गरीबी र शोषणको कारण केवल उनीहरूको मालिक मात्र नभएर जारको सम्पूर्ण शासन र सम्पूर्ण पूँजीवादी व्यवस्था हो भन्ने कुरा कहिल्यै बुझ्न सक्दैनन् । उनीहरूले आफ्नो ज्याला बढाउनु मात्र नभएर सम्पूर्ण समाजलाई परिवर्तित गर्नुपर्नेछ भन्ने कुरा कहिल्यै बुझ्न सक्दैदनन् ।

लेनिन अगाडि भन्दछन्- यो गहन राजनीतिक बोध र समाजवादी चेतना मजदूरहरूमा स्वतः र सहज रूपमा उत्पन्न हुन सक्दैन । यो चेतना उनीहरूलाई बाहिरबाट प्रदान गर्नुपर्छ । यो चेतना समाजवाद, राजनीति, इतिहास र अर्थशास्त्रको गहिराईपूर्वक अध्ययन गर्ने गर्ने व्यक्तिले प्रदान गर्न सक्छन्, अर्थात् सामाजिक-जनवादी बुद्धिजीवी र क्रान्तिकारीहरूले प्रदान गर्न सक्छन् । लेनिनको तर्क अनुसार सहजताले हामीलाई केवल विरोधसम्म मात्र लिएर जान्छ, यसले क्रान्तिसम्म लिएर जाँदैन । सहजताले के गलत हो भन्ने कुरा बताउँछ तर सही के हो र त्यसलाई कसरी हासिल गर्न सकिन्छ भन्ने कुरा बताउँदैन ।

लेनिनका अनुसार मजदूर वर्गले आफ्नो तागतमा केवल ट्रेड-युनियन चेतना मात्र विकसित गर्न सक्छन्; अर्थात् आर्थिक हितको लागि सङ्गठित हुनुपर्छ भन्ने बुझाई मात्र । तर समाजवादी चेतनाले सम्पूर्ण सामाजिक-राजनीतिक ढाँचालाई नै परिवर्तन गर्ने आवश्यकता छ भन्ने बोध प्रदान गर्छ । यो एक वैज्ञानिक सिद्धान्त हो, जसलाई मार्क्स र एङ्गेल्स जस्ता महान विचारकहरूले विकसित गरेका हुन् । यो ज्ञान हावामा उत्पन्न हुँदैन । यसलाई अध्ययन र विश्लेषणबाट हासिल गर्न सकिन्छ । त्यसकारण क्रान्तिकारीहरूको काम केवल मजदूरहरूको सहज असन्तुष्टिको पछि-पछि हिड्नु होइन, बरु त्यो असन्तुष्टिलाई एक सही दिशा दिनु हो ।

क्रान्तिकारीहरूको काम मजदूरले हड्ताल गर्दा तिनीहरूलाई साथ दिनु मात्र होइन, बरु उनीहरूको काम मजदूरहरूलाई तिनीहरूको वास्तविक आन्दोलन के हो, उनीहरूको वास्तविक दुश्मन को हो र उनीहरूको अन्तिम लक्ष्य के हुनुपर्छ भन्ने कुरा बुझाउनु हो । क्रान्तिकारीहरूको काम मजदूरहरूको बीचमा गएर समाजवादी

क्रमशः चौथो पृष्ठमा

# मन्त्री फेर्न ओलीले थाले देउवासँग परामर्श

**काठमाडौं ।** नेकपा (एमाले) का अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबीच भेटवार्ता भएको छ। ओली र देउवाबीच प्रधानमन्त्री निवास बालुवाटारमा भेटवार्ता भएको हो। बैठकमा ओली र देउवासहित कांग्रेसबाट उपसभापति पूर्णबहादुर खड्का र गृहमन्त्री समेत रहेका नेता रमेश लेखक सहभागी थिए भने एमालेबाट उपाध्यक्ष तथा अर्थमन्त्री विष्णु पौडेल र उपमहासचिव विष्णु रिमाल सहभागी भएका हुन्।

दुई शीर्ष नेताबीच मन्त्रिपरिषद् हेरफेर लगायत समसामायिक विषयमा कुराकानी भएको बताइएको छ। प्रधानमन्त्री ओलीले खासगरी आफ्नै पार्टीबाट बनेका विवादित मन्त्रीहरू फेरबदल गर्न खोजेका हुन्। यसै मेसोमा कांग्रेसका विवादित मन्त्रीहरू पनि देउवाले फेर्न चाहेको खण्डमा एकै पटक हटाउने उनको तयारी देखिएको छ। तर कांग्रेसले भने अहिलेका मन्त्रीहरूलाइ २ वर्षका लागि पठाएकाले बिचमा फेर्न चाहेको छैन। अझ विवादमा परेकामन्त्रीहरू प्राय देउवा पक्षकै भएकाले पनि फेर्न कठिन रहेको बताइन्छ।

एमालेबाट कम्तीमा तीन जना मन्त्री फेरिनेछन्। रक्षामन्त्री मानवीर राई, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारी फेरिने सम्भावना रहेको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालको सुरूआती कार्यसम्पादन सन्तोषजनक देखिएको थिएन। त्यसैले उनी पनि फेरिनेको सूचीमा थिए। पछिल्लो समय कामको गति देखिएको भन्दै उनी नहट्ने सम्भावना बढेको एमालेका नेता बताउँछन्। भूमि व्यवस्था मन्त्री पछिल्लो समय घूस काण्डको विवादमा आएका छन् ।

उद्योग मन्त्री भण्डारीको कार्यसम्पादनप्रति प्रधानमन्त्री सन्तुष्ट छैनन्। रक्षामन्त्री राईलाई पनि प्रधानमन्त्रीले हटाउन चाहेको ती नेताको भनाइ छ। नयाँ मन्त्रीको प्राथमिकतामा एमालेमा झापा-४ का सांसद एलपी सावाँ लिम्बू,रूपन्देही-१ बाट निर्वाचित छविलाल विश्वकर्माको पनि नाम चर्चामा छ। उनको नाम यसअघि सभामुखमा पनि चर्चामा थियो। मन्त्रीको सूचीमा सूर्य थापा, जुलीकुमारी महतोको नाम पनि चर्चामा छ। अधिकारी र भण्डारी एमाले-माओवादी गठबन्धनमा पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारमा पनि थिए। प्रचण्ड नेतृत्वको सरकारमा पाँच महिना मन्त्री भएका उनीहरूलाई अघिल्लो असार ३० गते ओलीको नेतृत्वमा सरकार गठन भएपछि पनि निरन्तरता दिइएको थियो ।

कांग्रेसका मन्त्रीहरू प्रकाशमान सिंह, आरजु राणा, रमेश लेखक, बद्री पाण्डे विवादमा छन्। कतिपयलाई मन्त्री बनाउने बेलै एक वर्षका लागि मात्र भनेर सम्झौता गरिएको तथा कतिको काम सन्तोषजनक नदेखिएकाले प्रधानमन्त्री ओलीले बिदा गर्न लागेका हुन्। भूमि मन्त्री अधिकारीको त घुस मागेको अडिओ नै सार्वजनिक भएको छ। घुसिया मन्त्रीलाइ प्रधानमन्त्रीले संरक्षणा गरेको आरोप लागेको छ। हाल मन्त्रिपरिषद्मा एमालेबाट प्रधानमन्त्रीसहित ९ जना मन्त्री छन्।

# यी हुन् रेड जोनका मन्त्रीहरू

**काठमाडौं ।** प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्री परिवर्तन गर्ने तयारी गरेका छन्। त्यसका लागि उनले आज सत्ता साझेदार दल नेपाली कांग्रेससँग छलफल गर्दै छन्।

शुक्रबार बिहान ११ बजे प्रधानमन्त्रीको सरकारी निवासमा बालुवाटारमा सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेका शीर्ष नेताहरूको बैठक बस्दै छ। बैठकमा प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली, कांग्रेस सभापति शेरबहादुर देउवासहित सत्ता साझेदार दुई दलका शीर्ष नेता सहभागी हुने प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। प्रधानमन्त्री ओलीले खासगरी आफ्नै पार्टीबाट बनेका विवादित मन्त्रीहरू फेरबदल गर्न खोजेका हुन्। यसै मेसोमा कांग्रेसका विवादित मन्त्रीहरू पनि देउवाले फेर्न चाहेको खण्डमा एकै पटक हटाउने उनको तयारी देखिएको छ। तर कांग्रेसले भने अहिलेका मन्त्रीहरूलाइ २ वर्षका लागि पठाएकाले बिचमा फेर्न चाहेको छैन। अझ विवादमा परेकामन्त्रीहरू प्राय देउवा पक्षकै भएकाले पनि फेर्न कठिन रहेको बताइन्छ। एमालेबाट कम्तीमा तीन जना मन्त्री फेरिनेछन्। रक्षामन्त्री मानवीर राई, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारी फेरिने सम्भावना रहेको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालको सुरूआती कार्यसम्पादन सन्तोषजनक देखिएको थिएन। त्यसैले उनी पनि फेरिनेको सूचीमा थिए। पछिल्लो समय कामको गति देखिएको भन्दै उनी नहट्ने सम्भावना बढेको एमालेका नेता बताउँछन्। भूमि व्यवस्था मन्त्री पछिल्लो समय घूस काण्डको विवादमा आएका छन्। उद्योग मन्त्री भण्डारीको कार्यसम्पादनप्रति प्रधानमन्त्री सन्तुष्ट छैनन्।

रक्षामन्त्री राईलाई पनि प्रधानमन्त्रीले हटाउन चाहेको ती नेताको भनाइ छ। नयाँ मन्त्रीको प्राथमिकतामा एमालेमा झापा-४ का सांसद एलपी सावाँ लिम्बू,रूपन्देही-१ बाट निर्वाचित छविलाल विश्वकर्माको पनि नाम चर्चामा छ। उनको नाम यसअघि सभामुखमा पनि चर्चामा थियो। मन्त्रीको सूचीमा सूर्य थापा, जुलीकुमारी महतोको नाम पनि चर्चामा छ। अधिकारी र भण्डारी एमाले-माओवादी गठबन्धनमा पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारमा पनि थिए। प्रचण्ड नेतृत्वको सरकारमा पाँच महिना मन्त्री भएका उनीहरूलाई अघिल्लो असार ३० गते ओलीको नेतृत्वमा सरकार गठन भएपछि पनि निरन्तरता दिइएको थियो।

# विद्याका नाममा बहस गर्नेलाई कारबाही गर्न निर्देशन

**काठमाडौं ।** सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई पार्टी राजनीतिमा सक्रिय बनाउन हुने बहस र छलफलले पार्टीलाई कमजोर बनाउने निष्कर्षसहित त्यसलाई पूर्ण प्रतिबन्ध लगाउन निर्देशन दिइएको छ। एमालेले यसअघि भण्डारी दलको सक्रिय राजनीतिमा फर्कने आकांक्षाबारे बहस र छलफलले पार्टी एकतालाई कमजोर बनाउने भन्दै यस्ता बहस र छलफलमा साउन १२ पछि रोक लगाएको आधिकारिक दस्तावेजमार्फ नै जानकारी गराएको हो। यसअघि सम्पन्न उक्त दलको केन्द्रीय कमिटीको नवौं बैठकका निर्णयसहितको अपानि १२ मातहतका कमिटीलाई पठाउँदै पूर्वराष्ट्रपति भण्डारीलसँग जोडेर हुँदै आएको बहस र विवाद केन्द्रीय कमिटीले उपयुक्त निर्णय गरी समाधान गरेको उल्लेख गरेको छ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले हस्ताक्षर गरेको अपानि १२ मा 'अबदेखि उक्त विषयमा थप छलफल र बहस गरेर सम्माननीय पूर्वराष्ट्रपतिको गौरव, प्रतिष्ठा र सम्मानमा आँच आउने काम कसैले पनि नगर्न' निर्देशन दिइएको छ। 'पछिल्लो समयमा सम्माननीय पूर्वराष्ट्रपतिका नाममा पार्टी एकतालाई कमजोर बनाउने गरी सुरु भएको बहस र विवादलाई केन्द्रीय कमिटीको नवौं बैठकले उपयुक्त निर्णय गरी समाधान गरेको छ' एमाले जारी अपानिमा उल्लेख गरिएको छ- 'अब उक्त विषयमा थप छलफल र बहस गरेर सम्माननीय पूर्वराष्ट्रपतिको गौरव, प्रतिष्ठा र सम्मानमा आँच आउने काम कसैले पनि गर्नु हुँदैन।'

यसअघि यही साउन ६ र ७ गते एमालेको केन्द्रीय मुख्यालय च्यासलमा बसेको उक्त दलको केन्द्रीय कमिटीको नवौं बैठकमा भण्डारी सक्रिय राजनीतिमा आउन हुने कि नहुने भन्ने मत प्रकट भएका थिए। केन्द्रीय कमिटीअघि सचिवालय र पोलिटब्युरो बैठकमा समेत विद्याबारे चर्को मतभेद भएपछि केन्द्रीय कमिटीले यस्तो निर्णय गर्नु पुगेको हो। पार्टीभित्र पूर्वराष्ट्रपति भण्डारीबारे थप व्याख्या गर्न एमालेले पछिल्लो अपानिमा छुट्टै शीर्षक नै राखेर नेता, कार्यकर्ताहरूलाई सजक र सतर्क गराएको हो। 'सम्माननीय पूर्वराष्ट्रपति पार्टी राजनीतिमा संलग्न हुने सन्दर्भ' भन्ने शीर्षकमा एमालेले भण्डारीबारे डेढ पेज लामो व्याख्या गरेको छ। पूर्वराष्ट्रपति भण्डारी संविधानको परिकल्पनाअनुसार राजनीतिमा फर्किन नमिल्ने पनि एमालेको सोही अपानिमा उल्लेख गरिएको छ 'गरिमामय भूमिकामा रहेको राष्ट्राध्यक्षले पदीय जिम्मेवारीमा रहँदा पनि त्यसलाई अवकाश प्राप्त गरिसकेपछि पनि आफ्नो दलीय आवद्धतामा फर्किने विषय नेपालको संविधानले परिकल्पना गरेको देखिँदैन।' एमाले पार्टी विधानको दफा, उपदफामा भने भण्डारीबारे कतै उल्लेख गरिएको छैन।

एमालेकोअपानि १२एमा भनिएको छ 'सम्माननीय पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी नेपाली राजनीतिमा एक सम्मानित नाम हो। हिजो आफ्नो पार्टीको केन्द्रीय नेतृत्वमा र उपाध्यक्षको ओहोदामा रहँदा होस् या सम्मानित राष्ट्रपतिको जिम्मेवारीमा रहँदा, उहाँले अत्यन्त गरिमामय ढंगले ती ओहोदाहरूलाई उचित, न्याय र उत्कृष्ट कार्य सम्पादन गर्नुभएको छ। नेपालमा लैंगिक समानता र समावेशिताको आइकनका रूपमा रहनुभएको उहाँलाई उहाँका यिनै योगदानका कारण गत वर्ष नेपाल कम्युनिस्ट पार्टीको हीरक वर्ष समारोहमा 'गणतन्त्र गौरव'को रूपमा सम्मान गरेको सन्दर्भ यहाँनिर स्मरणीय छ।'

'सम्माननीय पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी राष्ट्रकै गौरवका रूपमा सम्मानित भएर बस्नुपर्दछ' एमालेले सोही अपानिमा उल्लेख गरेको छ 'सक्रिय राजनीतिमा आउनु हुन्न। अध्यक्ष भए पनि कार्यकर्ता हो। यहाँ आउनु हुँदैन। पूर्वराष्ट्रपति सम्मानपूर्वक राष्ट्रको गणतन्त्र गौरव भएर बस्नुहोस्। उहाँ राष्ट्रको गहना हो। हाम्रो पनि गहना हो।' अध्यक्ष ओलीद्वारा जारी सोही अपानिमा भण्डारीको सदस्यता सदर गर्न इन्कार गरिएको छ 'उहाँको सदस्यता नवीकरणको प्रक्रिया मिलेन, सदर हुँदैन।' एमालेले साउन ५ र ६ मा सम्पन्न केन्द्रीय कमिटी बैठकपछि यही आइतबार जारी गरेको ३० पेज लामो अन्तरपार्टी निर्देशन-१२ (अपानि)मा गत स्थानीय तहमा पार्टी जितेको ७ मध्ये एउटा वडामा मात्रै उपचुनाव जितेको अवस्थाबाट शिक्षा लिनेपर्ने समेत बताएको छ। पहिले जितेको अधिकांश वडामा जित्न नसक्नु कमजोरी भएको उल्लेख गर्दै अपानिमा यसप्रति सचेत हुँदै जनप्रतिनिधिमूलक निकायको काममा विशेष ध्यान दिन निर्देशन समेत दिइएको छ।

# रुसमा शक्तिशाली भूकम्प : भयानक सुनामी, जापानदेखि अमेरिकासम्म त्रास

**एजेन्सी ।** बुधवार रूसको कामचट्का प्रायद्वीपमा गएको ८.८ म्याग्निच्युडको शक्तिशाली भूकम्पले सम्पूर्ण विश्वलाई हल्लाएको छ।

सो भूकम्पलाई स्थानीय प्रशासनले दशकौंमा सबैभन्दा शक्तिशाली बताएको छ। भूकम्पपछि, जापान,रूस र प्रशान्त टापुहरूमा सुनामी चेतावनी जारी गरिएको छ। अधिकारीहरूले भने भूकम्पले कुरिल टापुहरूमा ४ मिटर (१३ फिट) अग्लो सुनामी उत्पन्न गरेको उल्लेख गरेका छन्। केही स्थानमा मानिसहरूलाई सुरक्षित स्थानहरू सारिएको छ। सुनामीले भवनहरू क्षतिग्रस्त भएका छन्। अमेरिकी भूगर्भ सर्वेक्षण एजेन्सी (युएसजीएस)ले पुष्टि गरेको छ कि भूकम्पपछि सुनामीका ठूला छालहरू उठेका छन्। अलास्काको केही भागमा चेतावनी जारी गरिएको छ।

रूसको सुदूर पूर्वी कामचट्का प्रायद्वीपमा ८.८ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएपछि जापानको होक्काइडो तटमा विशाल सुनामी छालहरू पुगेको देखिएको छ। जापानको मौसम विज्ञान एजेन्सीले तटीय क्षेत्रहरूमा तीन मिटर (१० फिट) सम्मका छालहरूको चेतावनी दिँदै देशको पूर्वी समुन्द्र किनारका ठूला भागहरू खाली गर्न आदेश दिएको छ। धेरै सहरहरूमा सुनामी साइरन बजाइएको छ र मानिसहरूलाई तुरुन्तै माथिल्लो जमिनमा सर्न भनिएको छ। कामचट्का र रूसको यो क्षेत्र प्यासिफिक रिङ अफ फायरमा अवस्थित छ जुन भूकम्प र ज्वालामुखी गतिविधिका लागि परिचित छ रूसको सुदूरपूर्वी कामचट्का टापु नजिकै ८.८ म्याग्निच्युडको भूकम्प गएपछि सेभेरो-कुरिलस्क सहरमा भयानक सुनामी आएको छ। प्रत्यक्षदर्शीहरूले कैद गरेका भिडियोहरूमा शक्तिशाली छालहरूले भवन डुबाएको देखाएको छ।

यसैगरी चीनको प्राकृतिक स्रोत मन्त्रालयको सुनामी चेतावनी केन्द्रले देशको पूर्वी तटीय क्षेत्रहरू साँघाई र झेजियाङ प्रान्तहरूका लागि सुनामीको चेतावनी जारी गरेको छ। जारी चेतावनीमा क्षेत्रहरूमा ०.३ देखि १ मिटर (१ देखि ३ फिट) अग्ला छालहरू उठ्न सक्ने अनुमान गरिएको छ। यो चेतावनी 'कोमाई' आँधीको बढ्दो प्रभावलाई ध्यानमा राख्दै जारी गरिएको हो। जसले यी तटीय क्षेत्रहरूमा तीव्र हावा र भारी वर्षाका साथ छालहरूलाई अझ खतरनाक बनाउन सक्छ। यस्तै, लस एन्जलसका बासिन्दाहरूलाई सार्वजनिक सुरक्षा चेतावनी पठाइएको छ। समुद्र तट,बन्दरगाह र तटीय तल्लो क्षेत्रहरूमा खतरनाक छालहरू आउन सकिने चेतावनी दिएको छ। स्थानीय प्रशासनले कडा निर्देशन जारी गर्दै समुद्र तट र जलमार्गहरूबाट टाढा रहन भनेको छ।

रूसको पूर्वी तटमा ८.८ म्याग्निच्युडको भूकम्प गएपछि फिलिपिन्स र इन्डोनेसियाले आफ्ना तटीय क्षेत्रहरूमा सुनामीको चेतावनी जारी गरेका छन्। फिलिपिन्स इन्स्टिच्युट अफ ज्वालामुखी तथा भूकम्प विज्ञान (पीएचआइभीओसीएस)का अनुसार १ मिटर अग्ला छालहरू देशको प्रशान्त महासागर तटीय क्षेत्रहरूमा पुग्न सक्नेछन्। यसैबीच,इन्डोनेसियाको भूभौतिकीय एजेन्सीले पनि केही क्षेत्रमा ०.५ मिटरसम्मका छालहरू आउन सक्ने चेतावनी दिएको छ।


Why to choose us?
No Load Shading Problem
Sufficient Inverter System
24 Hrs. Internet Facilities
Well-equipped Computer Lab with Desktop PCs and Laptops
Daily 2 Hrs. Shifts for Morning, Day & Evening Time
Experienced Instructors
Computer Software Training
Computer Hardware/Maintenance Training
Mobile & Electronics Training
English Language & Tuition

Govt. Regd. No.: 34623/523
Multichannel Institute
Narayantar, Jorpati, Kathmandu, Ph. No.: 01-4911021

# लेनिनकृत...

चेतनाको बिउ रोप्नु हो । सहजताबाट कहिल्यै प्रणाली परिवर्तन हुँदैन । किनकि सहज असन्तुष्टिलाई एक चेतनामा र एक सङ्गठित राजनीतिक आन्दोलनमा परिवर्तित गर्ने कोही नभएपछि क्रान्ति हुँदैन । यसमा समस्याको मूल कहाँ छ र त्यसलाई काट्नको लागि एक लामो र सङ्गठित आन्दोलनको आवश्यकता हुन्छ भनेर जनतालाई बताउने कुनै शक्ति हुँदैन । लेनिनका अनुसार जोश र असन्तुष्टि आवश्यक हुन्छ तर त्यो केवल इन्धन मात्र हो । वाहनलाई सही मार्गमा चलाउनको लागि एक कुशल चालक र एक सही नक्साको आवश्यकता हुन्छ । त्यो कुशल चालक र सही नक्सा नै चेतना हो ।

यदि हामीले मजदूरहरूलाई केवल उनीहरूको आर्थिक आन्दोलनबाट अगाडि लगेर एक विशाल राजनीतिक आन्दोलनको लागि तयार गर्न चाहन्छौं भने यी दुवै आन्दोलनमा के फरक हुन्छ त ? सरकारको विरोध गर्नु मात्र राजनीतिक आन्दोलन हो वा यसको अरु कुनै गहिरो अर्थ हुन्छ ? ट्रेड-युनियनको राजनीति र सामाजिक-जनवादीको राजनीतिमा के फरक छ ? अब लेनिन यिनै प्रश्न वरिपरि रहेर विषयलाई अगाडि बढाउँछन् ।

## ट्रेड-युनियनवादी राजनीति र सामाजिक-जनवादी राजनीति

लेनिनले मजदूरहरूको असन्तुष्टिले स्वतः क्रान्ति ल्याउन सक्दैन, बरु उनीहरूलाई एक वैचारिक दिशा दिनु आवश्यक हुन्छ भन्ने कुरा स्पष्ट बनाए । अब लेनिन यही कुरालाई अझ स्पष्ट बनाउने दिशामा अगाडि बढ्छन् । यसमा उनले दुईप्रकारको राजनीतिको उल्लेख गरेका छन् । एउटा ट्रेड-युनियनवादी राजनीति हो भने अर्को सामाजिक-जनवादी राजनीति । यहाँ लेनिनले राजनीति शब्दको वास्तविक अर्थ के हो र एउटा सामान्य सुधार तथा विशाल परिवर्तनमा के फरक हुन्छ भन्ने कुरालाई राम्रोसँग बुझाउने प्रयास गरेका छन् । यो केवल मजदुरहरूको कथा मात्र होइन, यो कुनै पनि व्यक्ति वा समूहको कथा हो, जो आफ्नो अवस्थाबाट असन्तुष्ट छन् र त्यसलाई परिवर्तन गर्न चाहन्छन् ।

यहाँ हामी सबभन्दा पहिले ट्रेड-युनियनवादी राजनीति के हो भन्ने बारेमा बुझ्नेछौं । नामबाट नै यो राजनीति ट्रेड-युनियनसँग सम्बन्धित छ भन्ने बुझ्न सकिन्छ । यसको मुख्य लक्ष्य मजदुरहरूको आर्थिक हितको रक्षा गर्नु हुन्छ । जसानुसार, उत्कृष्ट ज्यालाको लागि सङ्घर्ष गर्नु, कामका घन्टालाई कम गराउनु, कारखानामा सुरक्षाको व्यवस्था गराउनु र कामको स्थिति उत्कृष्ट बनाउनु जस्ता कुराहरू पर्छन् । यो राजनीति प्रत्यक्ष रूपमा मजदुरहरूको दैनिक जीवनसँग सम्बन्धित हुन्छ ।

लेनिनका विरोधी अर्थात् अर्थवादी यसलाई नै वास्तविक राजनीति ठान्थे । उनीहरूका अनुसार मजदुरले आफ्नो पक्षमा हुने कानून बनाउनको लागि सरकारमाथि दवाव दिनुपर्छ । उदाहरणको लागि सरकारमाथि दवाव दिएर एउटा यस्तो कानून बनाउनुपर्छ, जसबाट यदि काम गर्ने क्रममा मजदूर घाइते भयो भने कारखाना मालिकलाई मुआब्जा दिन बाध्य बनाइयोस् । यो एक राजनितिक काम हो, किनकि यसमा सरकारसँग सङ्घर्ष भइहेको हुन्छ । तर यसको दायरा एकदमै सीमित हुन्छ । यो केवल मजदुर र मालिकको सम्बन्धमा मात्र सीमित छ । लेनिनका अनुसार यो आवश्यक छ तर पर्याप्त छैन । यो त पीडाको औषधि मात्र हो, बिमारीको उपचार होइन ।

त्यसो हुँदा सामाजिक-जनवादी राजनीति के हो त ? लेनिनका अनुसार एउटा सच्चा क्रान्तिकारी वा सामाजिक-जनवादीको काम केवल मजदुरलाई उनीहरूको मालिकहरूको विरुद्ध संघर्ष गर्न सिकाउनु मात्र हुँदैन । उसको काम मजदुरलाई सम्पूर्ण समाजको डाक्टर बनाउनु हो । उसको काम मजदूरहरूलाई समाजमा भइरहेको हरेक प्रकारको अन्याय र दमनको विरुद्धमा आवाज उठाउन सिकाउनु हो, चाहे त्यो अन्याय प्रत्यक्ष रूपमा उनीहरूसँग सम्बन्धित होस् वा नहोस् । उदाहरणको लागि यदि सरकारले कुनै विश्वविद्यालयका विद्यार्थीहरूलाई दमन गरिरहेको छ भने सामाजिक-जनवादीको काम मजदूरहरूकोमा गएर उनीहरूलाई अहिले विद्यार्थीलाई दमन गर्ने सरकारले नै भोलि तपाईंहरूलाई पनि शोषण गर्नेछ, त्यसकारण हामीले यी विद्यार्थीहरूलाई साथ दिनुपर्छ भन्ने कुरा बुझाउनु हो । यदि सरकारले कुनै धार्मिक अल्पसङ्ख्यकलाई अन्याय गरिरहेको छ भने क्रान्तिकारीले मजदूरलाई बुझाउनुपर्छ कि यो अन्याय त्यही अत्याचारी व्यवस्थाको हो, जसको विरुद्ध हामी सबै मिलेर संघर्ष गरिरहेका छौं । यदि कुनै सरकारी अधिकारीले कुनै किसानको जमिन हत्याइरहेको छ भने क्रान्तिकारीले मजदूरलाई त्यो किसानको पक्षमा उपस्थित गराउनुपर्छ ।

लेनिनका अनुसार वास्तविक राजनितिक चेतना त्यतिखेर मात्र आउँछ, जतिखेर मजदूर वर्ग केवल आफ्नो दुःखबाट मात्र दुःखी नभएर समाजमा कुनै पनि उत्पीडित वर्गमाथि भइरहेको अत्याचारलाई देखेर ऊभित्र असन्तुष्टि पैदा हुन्छ; जतिखेर हरेकप्रकारको दमनमा एकै दुश्मन अर्थात् जारको तानाशाही र पूँजीवादी व्यवस्थालाई देख्न लाग्छ ।

यसलाई एउटा अर्को उदाहरणबाट पनि बुझ्न सकिन्छ । एउटा ट्रेड-युनियनवादी नेताले मजदूरहरूलाई भन्नेछ, आउनुहोस् हामी हड्ताल गरौं, किनकि हाम्रो मालिकले हामीलाई लाभांश दिइरहेको छैन । यो ट्रेड-युनियनवादी राजनीति हो । तर एक सामाजिक-जनवादी क्रान्तिकारीले मजदूरहरूलाई भन्नेछ, आउनुहोस् हामी हड्ताल गरौं, किनकि सरकारले प्रेस स्वतन्त्रतामाथि आक्रमण गरेको छ । अब मजदूरले सोध्न सक्छ, प्रेस स्वतन्त्रतासँग हाम्रो के सम्बन्ध छ र ? हामीलाई त बिहान-बेलुकालाई खाना चाहियो । त्यसपछि त्यो क्रान्तिकारीले मजदूरलाई सम्झाउनेछ, आज सरकारले अखबारको मुख बन्द गरिदिन्छ, भोलि त्यसले तपाईंको मुख बन्द गरिदिनेछ । आज ऊ सत्य लेख्ने पत्रकारलाई जेल हालिरहेको छ, भोलि तपाईंले आफ्नो अधिकारको लागि आवाज उठाउँदा उसले तपाईंलाई जेल हालिदिनेछ । त्यसकारण यो आन्दोलन केवल पत्रकारहरूको मात्र नभएर हामी सबैको हो ।

यही नै सामाजिक-जनवादी राजनीति हो । यसले जनतालाई उनीहरूका साना-साना दायराबाट निकालेर एक विशाल र साझा आन्दोलनको हिस्सा बनाउँछ । यसले के सिकाउँछ भने समाजका सबै उत्पीडित जनताको दुश्मन एकै हो र जबसम्म त्यो दुश्मन सत्तामा रहन्छ, तबसम्म कसैले पनि स्थायी रूपमा न्याय प्राप्त गर्न सक्दैन । लेनिनको तर्क अनुसार अर्थवादीले मजदूरहरूलाई सधैंको लागि एक पिछलग्गू बनाइराख्न चाहन्थे । उनीहरू मजदुरले केवल उदारवादी बुद्धिजीवी र नेताहरूको पछाडि-पछाडि हिडिरहून् भन्ने चाहन्थे, जसले उनीहरूको लागि कानून बनाउन संघर्ष गरून् । तर लेनिन के चाहन्थे भने मजदूर वर्ग स्वयं नेता बनून्, एक अग्रदस्ता बनून्, जसले समाजका हरेक उत्पीडित हिस्सालाई आफ्नो झण्डामुनि एकताबद्ध गरून् र तानाशाहीको विरुद्धमा अन्तिम आन्दोलनको नेतृत्व गरून् । उनको सपना एक यस्तो मजदूरको थियो, जो केवल एउटा ट्रेड-युनियनको सदस्य मात्र नहोस्, बरु एक जननायक होस्, जो कुनै पनि अन्यायको विरुद्धमा जहाँसुकै सङ्घर्ष गर्नको लागि तयार होस्, जसले आफ्नो कुरालाई हरेककोमा पुऱ्याउन सकोस् र उसले सम्पूर्ण संसारलाई एक उत्कृष्ट समाजको सपना कस्तो हुन्छ भनेर देखाउन सकोस् ।

तर, यसप्रकारको गहिरो राजनीतिक चेतना पैदा गर्नको लागि र यसप्रकाको विशाल आन्दोलन गर्नको लागि केवल जोश र भाषण मात्र पर्याप्त हुँदैन । यसको लागि विशेष प्रकारको सङ्गठनको आवश्यकता हुन्छ । एक यस्तो सङ्गठनको आवश्यता हुन्छ, जुन अनुशासित होस्, पेशेवर होस् र कुनै पनि चुनौतीको सामना गर्नको लागि तयार होस् । तर यो सङ्गठन कस्तो हुनेछ र यसलाई अनुभवहीनता तथा शौखिनपनबाट कसरी बचाउन सकिन्छ ? अब यही प्रश्नको वरिपरि रहेर लेनिनले आफ्नो विषयलाई अगाडि बढाउनेछन् ।

## अर्थवादीहरूको अनुभवहीनता र क्रान्तिकारीहरूको सङ्गठन

अब यहाँ हामी सङ्गठनको बारेमा स्पष्ट रूपमा जानकारी हासिल गर्नेछौं । यतिबेलासम्म लेनिनले क्रान्ति कुनै स्वतः हुने घटना नभएर यसको लागि सचेत प्रयासको आवश्यकता हुन्छ भन्ने कुरा स्थापित गरिसकेका छन् । अब उनी यो प्रयास कसले गर्नेछ र कसरी गर्नेछ भन्ने प्रश्न उठाउँछन् । यहाँ लेनिन अनुभवहीनतामाथि मुख्य प्रहार गर्छन् । यसको मुख्य अर्थ शौखिनपन वा कामलाई पेशेवर तरीकाले नगर्नु हो । लेनिनको तर्क अनुसार क्रान्ति जस्तो गम्भीर कामलाई अनुभवहीन शौखिनहरूको भरोसामा छोड्न सकिँदैन । यसको लागि पेशेवर क्रान्तिकारीहरूको एक प्रबल, अनुशासित र केन्द्रीकृत सङ्गठनको आवश्यकता हुन्छ ।

यहाँ सबभन्दा पहिले हामीले लेनिनले भने अनुसार अनुभवहीन को हुन् भन्ने बुझ्नुपर्छ । त्यसबेला रूसमा धेरै साना-साना क्रान्तिकारी समूह थिए । यी समूह आ-आफ्ना शहरका आ-आफ्ना कारखानामा काम गर्थे । यिनीहरूमा धेरै जोश थियो, उत्साह थियो, बलिदानीको आवेग थियो । तर यिनीहरूको काम गर्ने तरीका धेरै छ्यास्त्र र अव्यवस्थित थियो । उनीहरूले केही पर्चा छाप्थे, मजदूरहरूमा बाँड्थे र कुनै सानाठूला हड्ताल गराउँथे । तर तिनीहरूमा कुनै तालमेल थिएन । एउटा शहरको समूहलाई अर्को शहरमा के भइरहेको छ भन्ने कुरा थाहा हुँदैनथ्यो । उनीहरूको कुनै लामो रणनीति थिएन । र, सबभन्दा मुख्य समस्या के थियो भने उनीहरू धेरै सजिलै पुलिसको हातमा आउँथे । जारको जासूस पुलिस धेरै बलियो थियो र त्यसले यी अनुभवहीन क्रान्तिकारीहरूलाई धेरै सजिलैसँग पक्राउ गर्दथ्यो । किनकि यी समूहमा कुनै अनुशासन वा गोपनीयता हुँदैनथ्यो । जोकोही सजिलैसँग समूहमा सामेल हुन्थ्यो र प्रायः ऊ सुराकी निक्लिन्थ्यो । परिणामस्वरूप महिनौंको मेहनत नष्ट हुन्थ्यो । नेता जेल जान्थे र आन्दोलन पुनः शून्यमा पुग्थ्यो ।

लेनिनले यही स्थितिलाई अनुभवहीनता भने । यो स्थिति यस्तो थियो, मानौं कुनै शौखिन खेलाडीको समूहले विश्वकप जित्ने सपना देखिरहेको होस् । यसको विपरीत लेनिनले एउटा बिल्कुलै अलग प्रकारको सङ्गठनको प्रस्ताव राखे । उनका अनुसार हामीले पेशेवर क्रान्तिकारीहरूको एक सङ्गठन बनाउनुपर्छ । अब यहाँ पेशेवर क्रान्तिकारी को हुन् भन्ने कुरा बुझ्नुपर्छ । क्रान्ति गर्नको लागि उनीहरूले तलब पाउँछन् त ? कदापि होइन ।

एउटा पेशेवर क्रान्तिकारी त्यो व्यक्ति हो, जसको लागि क्रान्ति नै उसको जीवन र पेशा हो । ऊ दिउँसो कारखानामा काम गर्ने र साँझ दुई घन्टा क्रान्तिको लागि निक्लिने खालको कुनै अल्पकालीन क्रान्तिकारी हुँदैन । पेशेवर क्रान्तिकारीले आफ्नो सम्पूर्ण समय, आफ्नो सम्पूर्ण ऊर्जा, आफ्नो सम्पूर्ण बुद्धि केवल र केवल क्रान्तिको काममा लगाउँछ । जस्तो कि एउटा डक्टरले आफ्नो सम्पूर्ण जीवन डक्टरको पेशा सिक्न र गर्नमा लगाउँछ, वा एउटा सैनिकले आफ्नो सम्पूर्ण जीवन सैन्य कला र युद्ध सिक्नमा लगाउँछ, त्यसरी नै एउटा पेशेवर क्रान्तिकारी आफ्नो सम्पूर्ण जीवन क्रान्तिको कला सिक्न र त्यसलाई व्यवहारमा ल्याउनको लागि गर्छ । उसलाई पुलिसबाट कसरी बच्ने, गोपनीयता कसरी कायम राख्ने, जनतालाई सङ्गठित कसरी गर्ने र प्रचारप्रसार कसरी गर्ने भन्ने जस्ता सबै कुरा थाहा हुन्छ । ऊ यो काममा पारङ्गत हुन्छ र पेशेवर हुन्छ ।

लेनिनको तर्क अनुसार हामीले यस्तै पेशेवर क्रान्तिकारीहरूको बलियो र धेरै गोपनीय सङ्गठन बनाउनुपर्छ । यो सङ्गठन धेरै विशाल हुनुहुँदैन । किनकि जति विशाल सङ्गठन हुनेछ, त्यसमा जासूसहरू पस्ने खतरा त्यति नै बढी हुन्छ । यो सङ्गठन फलामे अनुशासनले बाँधिएको हुनुपर्छ, जहाँ हरेक सदस्य सङ्गठनप्रति पूर्ण रूपले सङ्गठित हुनुपर्छ । र, सबभन्दा महत्त्वपूर्ण कुरा यो सङ्गठन केन्द्रीकृत हुनुपर्छ अर्थात् एउटा केन्द्रीय समिति हुनुपर्छ, जसले सम्पूर्ण निर्णय लियोस् र बाँकी सबै सदस्यले ती निर्णयहरूको पालना गरून् ।

लेनिनका विरोधीहरूले यसको कडा आलोचना गरे । उनीहरूले भने, यो त अधिनायकवाद हो । तपाईं लोकतन्त्रको अन्त्य गरिरहनुभएको छ । उनीहरूका अनुसार सङ्गठन खुला हुनुपर्छ, जसमा हरेक सदस्यले आफ्नो मर्जी अनुसार काम गर्ने स्वतन्त्रता हुनुपर्छ । तर लेनिले यसको खरो जवाफ दिए । तपाईंहरू जुन देशमा बसिरहनुभएको छ, त्यहाँ जारको तानशाही व्यवस्था छ । यहाँ कुनै लोकतन्त्र छैन । यहाँ यदि तपाईंले खुलेआम काम गर्नुभयो भने भोलिपल्टै तपाईं जेलमा हुनुहुनेछ । लेनिनका अनुसार एक दमनकारी शासनको विरुद्ध सङ्घर्ष गर्नको लागि एक खुला र लोकतान्त्रिक क्लब जसरी काम गर्न सकिँदैन । हामीले दुश्मनको जसरी नै अनुशासित र गोप्य हुनुपर्छ । हामीले एक सेनाले जसरी काम गर्नुपर्छ, क्लबको जसरी होइन ।

कुनै पनि विशाल कार्यलाई सफल बनाउनको लागि वा विशाल सामाजिक अभियान सञ्चालनको लागि समेत केवल जोश मात्र पर्याप्त हुँदैन । यसको लागि एक पेशेवर प्रक्रिया आवश्यक हुन्छ । यसको लागि एक समर्पित टीम चाहिन्छ, जो आफ्नो काममा पारङ्गत होस् । यसको लागि स्पष्ट रणनीति र अनुशासन चाहिन्छ । यसमा टीमको हरेक सदस्यले आ-आफ्नो मर्जीले मनमा लागेको काम गर्नेछ भन्न सकिँदैन । यसमा एउटा नेतृत्व चाहिन्छ, एक योजना हुनुपर्छ र सबैले त्यो योजना अनुसार मिलेर काम गर्नुपर्छ । लेनिनले यही कुरा क्रान्तिको सन्दर्भमा गरिरहेका थिए ।

लेनिनका अनुसार अनुभवहीनता र शौखिनपन (रुचि अनुसार काम गर्ने) हाम्रा सबभन्दा महत्त्वपूर्ण दुश्मन हुन् । यिनीहरूबाट हामीले हरेक अवस्थामा जोगिनुपर्छ । हामीले क्रान्तिलाई एक गम्भीर विज्ञान एवम् कलाको रूपमा लिनुपर्छ र यसलाई सम्पन्न गर्नको लागि पेशेवरहरूलाई तयार गर्नुपर्छ । यद्यपि लेनिनको यो मोडेलमा एउटा महत्त्वपूर्ण प्रश्न उत्पन्न हुन्छ । सङ्गठन यति गोपनीय र केन्द्रीकृत हुँदा यो स्वयं एउटा सानो अधिनायकवाद बन्दैन र ? यो सङ्गठन आम जनताबाट कट्दैन र ? यसमा जनवादको के स्थान हुनेछ ? लेनिन यिनै प्रश्नहरूमा केन्द्रित रहेर अगाडि आफ्नो विचार प्रवाह गर्नेछन् ।

## षड्यन्त्रकारी सङ्गठन र जनवादी केन्द्रीयता

अब हामी यहाँ गोप्य रहनु बाध्यता हो वा रणनीति भन्ने कुरा बुझ्नेछौं । लेनिनले पेशेवर क्रान्तिकारीको सङ्गठनको विचारलाई स्पष्ट रूपमा बुझाए । यो सङ्गठन सानो, गोपीनीय, अनुशासित र केन्द्रीकृत हुन्छ । लेनिनले यो विचार दिएपछि उनीमाथि चारैतिरबाट आक्रमण हुनलाग्यो । उनका विरोधी, विशेषगरी अर्थवादीहरूले उनीमाथि सबभन्दा गम्भीर आरोप के लगाए भने उनी एक षड्यन्त्रकारी सङ्गठन बनाइरहेका छन् । उनीहरूका अनुसार लेनिनको मोडेल अलोकतान्त्रिक छ र यो जनवादको विरुद्धमा छ । उनी एक सानो गुट बनाउन चाहन्छन्, जसले पर्दा पछाडिबाट सबै कुरा नियन्त्रित गरोस् । र, आम मजदूरहरूको यसमा कुनै भूमिका हुनेछैन । यो आरोप धेरै गम्भीर थियो । किनकि यसले सीधै लेनिनको उद्देश्यमाथि प्रश्न उठाइरहेको थियो ।

यहाँ हामी लेनिनको सङ्गठनको मोडेलमा गोपनीयता र जनवादको बीचमा के सम्बन्ध थियो भन्ने कुरा बुझ्नेछौं । गोप्य रहनु उनको रणनीति थियो वा जारको शासनमा उनको बाध्यता ? सबभन्दा पहिले लेनिन यो षड्यन्त्रकारी आरोपको जवाफ दिन्छन् । उनी भन्दछन्, हो हाम्रो सङ्गठन गोप्य हुनेछ तर यो कुनै शोखको लागि हुनेछैन । हामी जारको रूसमा रहिरहेका छौं, जहाँ राजनीतिक स्वतन्त्रताको गला दबाइएको छ । यदि यहाँ हामीले एउटा खुला, सार्वजनिक, जोकोही सदस्य बन्नसक्ने र जसको बारेमा सबैलाई जानकारी हुने पार्टी बनायौं भने जारको जासूस पुलिसलाई आफ्नो काम गर्न कति सहज होला । त्यसले एकै दिनमा हाम्रा सम्पूर्ण नेता र सक्रिय सदस्यहरूलाई गिरफ्तार गर्नेछ । र, हाम्रो आन्दोलन सुरु हुनुभन्दा पहिले नै खत्तम हुनेछ ।

यस्तो परिस्थितिमा हामीसँग गोप्य रहनुको अतिरिक्त अरु कुनै उपाय हुन्छ त ? लेनिनका अनुसार गोपनीयता हाम्रो रुचि नभएर बाध्यता हो । यो हाम्रो अस्तित्वको लागि जरुरी छ । एउटा अत्याचारी शासनको विरुद्ध सङ्घर्ष गर्दैगर्दा हामीले भूमिगत हुनैपर्छ । यो कुनै षड्यन्त्र होइन । यो आत्मरक्षाको एक जरुरी उपाय हो ।

यसपछि लेनिन जनवादको प्रश्नमा आउँछन् । उनका विरोधीका अनुसार सङ्गठनमा पूर्ण रूपमा जनवाद हुनुपर्छ, हरेक निर्णय चुनावको माध्यमबाट हुनुपर्छ, सबै नेता चुनावबाट चुनिनुपर्छ र हरेक सदस्यले सम्पूर्ण जानकारी पाउनुपर्छ भन्ने थियो । यी सबै कुरा सुन्दा धेरै आदर्श जस्ता लाग्छन् । तर लेनिनले यसको व्यावहारिकतामाथि प्रश्न उठाउँछन् । उनका अनुसार, ठीक छ, मानियो, हामीले हरेक नेताको चुनाव गराउनेछौं । तर चुनाव कसरी हुन्छ ? के हामी सम्पूर्ण सदस्यहरूको बैठक बोलाउनेछौं ? त्यो बैठक कहाँ बोलाउने हो, कुनै मैदानमा ? पुलिसले हामीलाई तुरुन्तै पक्रिनेछ । हाम्रो भोट कसले गणना गर्नेछ र उनीहरूसम्म कसरी पुग्छ ? यदि हामीले चुनाव होस् भनेर सम्पूर्ण सदस्यहरूको सूची बनायौं र त्यो सूची पुलिसको हात लाग्यो भने स्थिति के होला ?

यी प्रश्नहरूको माध्यमबाट लेनिन स्पष्ट बनाउँछन्, विरोधीहरूले जुन पूर्ण जनवादको कुरा गरिरहेका छन्, त्यो केवल राजनीतिक स्वतन्त्रता भएको देशमा मात्र सम्भव हुन्छ, जहाँ हामी खुलेआम सभा गर्न सक्छौं, चुनावमा भाग लिन सक्छौं । जारको रूस जस्तो तानाशाही व्यवस्थामा यो जनवादको खेल खेल्नु केवल एउटा मूर्खता हो । यसले हामीलाई सीधैं जेलभित्र पुऱ्याउनेछ ।

यसको अर्थ लेनिन जनवादको विरुद्ध थिए भन्ने हो त ? कदापि होइन । यहाँ लेनिन एउटा धेरै सूक्ष्म र गहिरो विषय सामुन्ने राख्छन् । उनका अनुसार हामीले औपचारिक जनवाद र वास्तविक कामको बीचमा फरक छुट्याउनुपर्छ । जारको रूसमा औपचारिक जनवाद अर्थात् चुनाव र खुला बहस असम्भव छ । तर हामी एउटा अर्को प्रकारको जनवाद सुनिश्चित गर्न सक्छौं । त्यो कसरी हुन्छ त ? सर्वप्रथम सङ्गठनमा स्वयंलाई पूर्ण रूपमा परीक्षण गरिसकेका र भरोसायोग्य मानिस मात्र सामेल हुनेछन् । दोस्रो, यी सदस्यहरूले आफ्ना नेतामाथि पूर्ण रूपमा भरोसा गर्नेछन् । किनकि त्यो नेताले केवल भाषण मात्र दिँदैन, सबभन्दा जटिल र खतर्नाक काम पनि स्वयंले गर्छ । ऊ सबभन्दा अगाडि रहन्छ । तेस्रो र सबभन्दा महत्त्वपूर्ण कुरा, यो गोपनीय सङ्गठनको वास्तविक काम आम जनताको बीचमा हुनेछ । यो सङ्गठन मजदुरहरूको सबभन्दा व्यापक र सबभन्दा खुला सङ्गठन हुनेछ, र यसले ट्रेड-युनियन, अध्ययन-मण्डल र अन्य समूहसँग मिलेर काम गर्नेछ ।

पेशेवर क्रान्तिकारीहरूको यो गोप्य केन्द्रले खुला सङ्गठनलाई नेतृत्व र दिशा प्रदान गर्नेछ । यसरी सङ्गठनको गोपनीयता र जनतासँग त्यसको व्यापक सम्पर्क दुवै एकसाथ चल्नेछ । यसलाई यसरी पनि बुझ्न सकिन्छ । एउटा सैन्य सङ्गठनको जनरल स्टाफ हुन्छ, जुन धेरै गोपनीय हुन्छ । तिनीहरूका योजना र रणनीतिलाई गुप्त राखिन्छ । यो सेनाको केन्द्रीकृत र गोपनीय हिस्सा हो । तर यो जनरल स्टाफले कसको लागि काम गर्छ ? उसले मैदानमा सङ्घर्ष गरिरहेका सम्पूर्ण सेनाको लागि काम गर्छ । सेनाको हरेक सिपाहीले जनरल स्टाफको हरेक निर्णयको चुनावमा हिस्सा लिँदैन तर उसलाई आफ्नो कमाण्डरमा भरोसा हुन्छ । ठीक यसरी नै लेनिनको पेशेवर क्रान्तिकारीहरूको सङ्गठन त्यो जनरल स्टाफ जस्तै थियो र मजदुरको व्यापक सङ्गठन त्यो सेना जस्तै थियो ।

...क्रमशः

# आफन्तको जिम्मामा हायू परिवार

**काठमाडौं ।** सिन्धुलीको गोलन्जोर गाउँपालिका-६ छेत्पाबाट सम्पर्कविहीन भइ कास्कीको पोखरा महानगरपालिका- ३० गगनगौडामा भेटिएका उर्मिला हायूका परिवारलाई आफन्तको जिम्मा लगाइएको छ ।

प्रहरीलाई केटाकेटी बिरामी परिरहने भएपछि थाकथलो छाडेको बताएका हायूको परिवारलाई सोमबार बेलुका पोखरामा फेला पारिएको हो । पोखरा-३० स्थित सोमनाथ पौडेल र चन्द्र भण्डारीको घरमा सोमबार बेलुका भेटिएका उनीहरूलाई ज्वाइँ नाता पर्ने धनबहादुर तामाङको जिम्मा लगाइएको सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालले जानकारी दिए । उनीहरूलाई पोखरा महानगरपालिका-३० का वडा अध्यक्ष दुर्गाप्रसाद सुवेदीको रोहबरमा आफन्तको जिम्मा लगाइएको हो । धनबहादुर हराएका मध्येकी कमला हायुका पति हुन् । प्रहरीका अनुसार बेलाबेलामा बिरामी भइरहने र धामीले त्यहाँ नबस्न भनेपछि छेत्पाबाट हिँडेको उनीहरूले बताए ।

'हिजो आफन्त र जनप्रतिनिधिको रोहबरमा उहाँहरू जहाँ बसेको हो त्यही रहनुभएको छ, सामान्य सोधपुछ गरेर राखिएको छ' सिसुवा इलाका प्रहरी कार्यालयका प्रमुख श्रवण विकले भने 'उहाँहरू त्यहाँ कोठा खोजेर बस्नुभएको रहेछ ।' प्रहरी प्रमुख विकले प्रारम्भिक जानकारीअनुसार घरमा बिरामी परिराख्ने, केटाकेटी बिरामी हुने र धामीले पनि नबस्न भनेको बताए ।

# जुम्लामा काँचो स्याउ टिप्न प्रतिबन्ध

**काठमाडौं ।** कृषि विकास कार्यालय जुम्लाले सार्वजनिक सूचना जारी गर्दै जुम्लाका किसानलाई काँचो स्याउ टिप्न प्रतिबन्ध लगाइएको छ । कार्यालयले जारी गरेको सूचनामा भदौ १५ अघि स्याउ नटिप्न आग्रह गरिएको हो ।

कार्यालयका प्रमुख रामभक्त अधिकारीका अनुसार कोही-कसैले सूचना विपरीत काँचो स्याउ टिपेको पाएमा वा बजारमा खरिद गर्ने व्यापारी र किसान दुवैलाई कानुनी कारबाही गरिने जानकारी दिइएको छ । काँचो स्याउ टिप्दा स्वाद, गुणस्तर र पौष्टिकता सबैमा असर पर्न जाने जानकारी दिँदै यसको दीर्घकालीन 'ब्रान्ड' र बजार मूल्यमा समेत नकारात्मक प्रभाव पर्न सक्ने भएकाले जिल्लाका आठवटै स्थानीय तहका कृषि शाखा र यहाँका स्थानीयवासीलाई सार्वजनिक सूचनामार्फत जानकारी गरिएको कार्यालय प्रमुख अधिकारीको भनाइ छ ।

भदौ दोस्रो सातापछि मात्रै स्याउ टिप्नु उपयुक्त हुने जानकारी दिँदै कृषि विज्ञले नपाकेको स्याउ टिप्दा बजारीकरणमा चुनौती हुने गरेको छ । परिपक्व र स्याउको रंग ७० प्रतिशतभन्दा माथि भइसकेपछि मात्रै बिक्री गर्न किसानलाई निर्देशन गरिएको प्रमुख अधिकारीले बताए । जिल्लामा करिब १८ हजार घरपरिवारमध्ये १६ हजार घरपरिवारले स्याउखेती गरेको तथ्यांक छ । पछिल्लो समय स्याउ खेतीको क्षेत्र समेत विस्तार हुँदै गएको छ । जिल्लामा चार हजार बढी हेक्टर जमिनमा स्याउखेती भइरहेको कृषि विकास कार्यालयले जनाएको छ ।

तातोपानी गाउँपालिकाले पनि स्याउ बगैंचा धनी र स्याउ व्यापारीलाई आगामी भदौ १५ गतेपछि मात्र स्याउ संकलन तथा निकासी गर्न आग्रह गरेको छ । भदौ १५ भन्दा अघि स्याउ नटिप्न र निर्यात नगर्न अनुरोध गरिएको गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले बताए ।

# मुलुकका विभिन्न क्षेत्रबाट लागूपदार्थसहित २३ जना पक्राउ

**काठमाडौं ।** देशका विभिन्न भागबाट लागूपदार्थसहित २३ जना पक्राउ परेका केन्द्रीय प्रहरी समाचारकक्षले जानकारी दिएका छन् । प्रहरी समाचारकक्षका अनुसार काठमाडौं, ललितपुर, झापा, कैलाली, कञ्चनपुर, सप्तरी, कास्की, स्याङ्जा, सुनसरी, मकवानपुरबाट उनीहरूलाई पक्राउ गरिएको हो ।

काठमाडौंको गोकर्णेश्वर नगरपालिका-८ अत्तरखेलबाट खैरो हेरोइन जस्तो देखिने पदार्थसहित दुई जना, भद्रपुर नगरपालिका-५ मेचीपुलबाट ब्राउनसुगर जस्तो देखिने पदार्थ बोकेका दुई जना, कञ्चनपुरको बेलौरी नगरपालिका-६ नकैयाबाट दुई जना, कैलालीको धनगढी उपमहानगरपालिका-२, बाट दुई जना, धनगढी उपमहानगरपालिका-१४ खुटिया टोलबाट दुई जनालाई पक्राउ गरिएको समेत प्रहरीले जनाएको छ । सप्तरीको शम्भुनाथ नगरपालिका-६ कठौना बस्ने २७ वर्षीय रामकुमार साहलाई दुई किलो २५ ग्राम गाँजासहित एक जना, ललितपुर, महालक्ष्मी नगरपालिका-१ इमाडोलबाट दुई जना, पोखरा महानगरपालिका-२ बाग्लुङ बसपार्कबाट एक, स्याङ्जा, गल्याङ नगरपालिका-१ राम्दिबाट एक जनालाई लागूऔषधसहित पक्राउ गरिएको जनाइएको छ ।

यसैगरी, समाचारकक्षको समाचार बुलेटिनअनुसार सुनसरीको बराहक्षेत्र नगरपालिका-७ किरात चोकबाट सात जना, मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१३ आदामारबाट एक जना पक्राउ परेका उल्लेख छ ।

# संखुवासभासहित पूर्वी पहाडी जिल्लामा लाखेजात्रा सुरु

**काठमाडौं ।** नागपञ्चमीका दिनदेखि नेवार समुदायको बाहुल्यता रहेको पूर्वका ओखलढुंगा, खोटाङ, संखुवासभा, भोजपुर, धनकुटा, तेह्रथुम, ताप्लेजुङलगायतका जिल्लामा लाखेनाच सुरु भएको छ ।

संखुवासभाको खाँदबारी नगरपालिका-१ मा रहेको भीमसेन मन्दिरमा पूजाआजा गरी विधिवत रूपमा लाखेजात्रा सुरु गरिएको हो । नेवार संस्कृति र परम्पराअनुसार भीमसेन मन्दिरमा पूजाआजा र सगुन खुवाएर नागपञ्चमीबाट लाखे निकालिन्छ ।

नेवा:देयदवू नगर कार्य समिति खाँदबारीको संयोजनमा नागपञ्चमीका दिनदेखि सुरु भएको लाखेनाच कृष्ण जन्माष्टमीसम्म हरेक दिन बजार परिक्रमा गराउँदै प्रदर्शन गरिन्छ । नेवार समुदायको कुलदेवता भीमसेनको पूजासँगै ढोल, ढोलकी, भ्याम्टा, मुकुन्डो, लाखेले लगाउने कपडालगायत सामग्रीहरूको पूजा गरी खाँदबारीलगायतका बजारहरूमा लाखेनाच सुरु गरिएको नेवा:देयदवू नगरकार्य समिति खाँदबारीका अध्यक्ष पुष्पबहादुर श्रेष्ठले बताए ।

उपत्यका तीन सहर काठमाडौं, भक्तपुर र ललितपुर मुख्य थलो बनाएका नेवारी समुदायहरू मुलुकका विभिन्न स्थानहरूमा बसोबास गर्दै आएका छन् । पूर्वमा हेर्दा धनकुटाबजार, भोजपुरको टक्सार बजार र संखुवासभाको चैनपुर, खाँदबारी, वाना, सिभुवाका बजारहरूमा नेवार समुदायको बसोबास छ । लाखेनाचका क्रममा स्थानीय लोकभाका, वेशभूषा र चालचलन एवं रोपाइँजात्रा, घोडेजात्रा, गाईजात्रा र अन्य जात्रा देखाउँदै समाजका विभिन्न विकृतिमाथि व्यङ्ग्य गर्ने अनि सर्वसाधारणलाई मनोरञ्जन दिने गरिन्छ ।

भीमसेन मन्दिरबाट विधिवत रूपमा सुरु भएको लाखेले खाँदबारी बजार परिक्रम गरेको छ । द्वापर युगमा भगवान् श्रीकृष्ण र उनका मामा कंशबीचको लडाईंको झल्को दिनेगरी विभिन्न गतिविधि गर्दै जिल्लामा नेवार समुदाय भएका बजार क्षेत्रमा लाखेनाच निकाल्ने चलन छ ।

# हात्तीको आक्रमणबाट २ दशकमा कोसीका ९७ जना मारिए

**काठमाडौं ।** बितेको दुई दशकको अवधिमा कोशी प्रदेशमा मात्रै हात्तीको आक्रमणबाट ९७ जनाको ज्यान गएको छ । प्रदेश वन निर्देशनालय धरानले दिएको जानकारी अनुसार सोही अवधिमा ४१ वटा हात्ती समेत मरेको हो ।

निर्देशनालयका प्रमुख डा इन्द्रप्रसाद सापकोटाले आर्थिक वर्ष २०६२/६३ देखि चालु आर्थिक वर्षको अहिलेसम्ममा झापा, मोरङ, सुनसरी, उदयपुर र इलाममा हात्ती आक्रमणबाट उक्त मानवीय क्षति भएको हो । यही अवधिमा ८७ जना गम्भीर र १५ जना सामान्य घाइते समेत भएको जानकारी दिए । हात्तीको आक्रमणबाट सबैभन्दा बढी ज्यान गुमाउने झापाको रहेको पनि उनले बताए । छिमेकी मुलुक भारतबाट आउने हात्तीको प्रवेश विन्दु झापा भएकाले पनि बढी जनधनको क्षति हुने गरेको बताउँदै उनले झापामा ७२, मोरङमा १७, सुनसरीमा ७ र इलामका १ जनाको हात्तीको आक्रमणबाट मृत्यु भएको छ ।

सोही अवधिमा झापामा २५, मोरङमा ९, सुनसरीमा ६ र उदयपुरमा एउटा हात्ती मरेको प्रमुख डा. सापकोटाले जानकारी दिए । 'सरकारको ठूलो धनराशि वन्यजन्तु संरक्षण, मानवीय क्षतिपूर्ति तथा राहत, कृषिबालीको क्षतिपूर्तिलगायतमा खर्च भइरहेको छ' उनले भने 'स्थानीयले पनि वन्यजन्तुसँगको द्वन्द्वमा सतर्कता अपनाउनु जरुरी छ ।' सरकार जति नै स्थानीय पनि गम्भीर हुने हो भने मानव-हात्ती द्वन्द्व न्यूनीकरण हुने उनको विश्वास थियो । हात्ती आक्रमणबाट ज्यान गुमाउनेलाई संघीय सरकारले दस लाख क्षतिपूर्तिस्वरूप प्रदान गर्दै आएको छ । घाइतेलाई उपचारका लागि २५ हजारदेखि एक लाखसम्म उपलब्ध गराउँदै आइएको निर्देशनालयका प्रमुख डा सापकोटाले जानकारी दिए । उनले प्रदेश सरकारले मानव-हात्ती द्वन्द्व न्यूनीकरणका लागि चालु आर्थिक वर्षमा हात्ती प्रभावित क्षेत्रमा बाली बिमा कार्यक्रमका लागि ५० लाख बजेट विनियोजन गरेको बताए ।

'डिभिजन वन कार्यालयमार्फत स्थानीय सरकारसँग समन्वय गरी बजेट विनियोजन गरेको हो' उनले भने 'कार्यक्रमको प्रभावकारिता र सम्भावना कस्तो रहन्छ त्यो हेरेर आगामी दिनमा संघीय सरकारसँग यसको दिगोपना एवं कानुनी प्रावधानका सन्दर्भमा सहजीकरणका लागि अनुरोध गर्नेछौं ।'

# पानीविनाको नहर, आकास ताक्दै किसान

**काठमाडौं ।** सिरहास्थित लहान-१० को ग्रामीण चोकबाट उत्तरतर्फ खुट्टी नदीसम्म सहरी क्षेत्रमा फैलिएको खुट्टी सिँचाइ नहरको अवस्था अत्यन्तै दयनीय बनेको छ । यतिबेला प्रदेश सरकारको ८ करोड ७२ लाख लगानीमा २०७८ मा निर्माण भएको नहर अलपत्र अवस्थामा पुगेको हो ।

सिँचाइका लागि निर्माण गरिएको नहर अहिले ठाउँठाउँमा जमेको फोहर, झारपात र ढल मिसिएको पानीले दुर्गन्ध फैलाउने अवस्थामा पुगेछ । स्थानीयवासी र खुट्टी नहर सिँचाइ संघर्ष समितिले पटक-पटक आवाज उठाउँदा पनि सम्बन्धित निकायले बेवास्ता गर्दै आएको बताइएको छ । संघर्ष समितिका संयोजक धर्मराज चौधरी, सदस्य हेमन्त यादव, अजय चौधरीलगायतले मधेस प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखी समक्ष सोमबार गुनासो पोख्दै नगर मर्मत गर्न आग्रह गरेका छन् । मन्त्री लेखीले किसानहरूको समस्या सम्बन्धित मन्त्रालय र विभाग बढी जिम्मेवार रहेको औंल्याउँदै आफूबाट आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएका छन् ।

उता साउनको दोस्रो साता लागिसक्दा समेत वर्षा हुन नसक्दा महोत्तरीका किसानले अझै आकाशतर्फ हेर्दै पर्खिरहेका छन् । आकासे पानीको भरमा रहेका किसान साउन दोस्रोसम्म वर्षा भएर रोपाइँ गर्न पाइन्छ कि भन्ने आशामा आकाश ताक्दै बसेका छन् । लामो समयदेखि परेको खडेरीका कारण समय घर्कँदै जाँदा महोत्तरीका किसान वर्षा भइहाले अलिअलि भए पनि रोपाइँ गर्न पाइन्थ्यो भन्ने आशमा बसेका छन् । 'मध्य साउनमा धानको रोपो लहलहाउनुपर्ने हो, हामी अझै पानी परे रोप्न पाइन्थ्यो कि भन्ने आशमा छौं' भङ्गाहा-१ का किसान रामकिसन मण्डलले गुनासो थियो ।

मधेससहित महोत्तरीमा गत जेठ २२ भित्र बीउ राख्ने, असार २२ भित्र बीउ रोप सक्ने र साउन २२ गतेभित्र खरुअन रोपीसक्ने तालिका मानिन्छ । खरुअन बीउ अपुग हुँदा र बर्खे धान तथा अन्यबाली काटेर रोपाइँ गरिन्छ । यसपालि पानी नपर्दा यी तालिका सबै खल्बलिएका स्थानीय इम्राफिल राइनले बताए । पानी पर्ला र धान रोपौंला भन्ने आसैआसमा मध्य साउन बित्न लाग्दासम्म रोपाइँ हुन नसकेपछि किसान चिन्तित छन् ।

# रिडी–वामीटक्सार र दशरथचन्द राजमार्ग अवरुद्ध

**काठमाडौं ।** भारी वर्षाका कारण गुल्मीको रिडी-वामीटक्सार सडक अवरुद्ध बनेको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकरी गंगाबहादुर सारूका अनुसार रिडी-वामीटक्सार सडकखण्ड अन्तर्गत सत्यवती गाउँपालिका-६ स्थित डहरेखोलामा पानीको बहाब बढेपछि उक्त सडक पूर्ण रूपमा अवरुद्ध बनेको हो ।

प्रहरीले डहरेमाबाट लेदोसहितको बाढी आएपछि सडक पूर्ण रूपमा अवरुद्ध हुँदा त्यस क्षेत्रबाट रिडी हुँदै बागलुङको बुर्तिवाङसम्म आवत-जावत गर्ने सवारीसाधन सञ्चालन हुन नसकेको जानकारी दिएको छ । अवरुद्ध सडक सञ्चालन गर्न अहिले जोहाङ्ग खैरेनीबाट प्रहरी टोली परिचालन गरिएको तर पानी परिरहेको र वर्षा नरोकिएका कारण सडक सञ्चालन गर्न समस्या परेको सूचना अधिकारी सारुले बताए । जिल्ला प्रशासन कार्यालयले दुई दिनदेखि निरन्तर वर्षा हुँदा गुल्मीस्थित बडिगाड खोलामा पानीको बहाब बढ्दै जान थालेको जानकारी दिँदै तटीय क्षेत्रका बासिन्दालाई सतर्कता अपनाउँदै सुरक्षित स्थानमा बसोबास गर्न आग्रह गरेको छ । प्रशासनले अत्यावश्यक कामबाहेक मानिसलाई लामो यात्रामा ननिस्कन सूचित गरेको छ । जिल्ला विपद व्यवस्थापन समितिले गुल्मीमा एक सय ८० भन्दा बढी स्थानलाई बाढीपहिरोको उच्च जोखिममा राखेको छ ।

वर्षाका कारण बैतडीको पाटन नगरपालिका-४ जेउडेमा पहिराले दशरथचन्द राजमार्ग अवरुद्ध भएको छ । सोमबारदेखि लगातार भइरहेको वर्षाका कारण जेउडे मोडमा पहिरो खसेर सडक अवरुद्ध भएको हो । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता बलराम पाण्डेयले जेउडे मोडमा सडक अवरुद्ध भएपछि सवारी आवागमन बन्द भएको जानकारी दिए । पहिरो खसेपछि सवारीसाधन बीच बाटोमै रोकिएका छन् भने पहिरोका कारण विद्युतको पोल पनि जोखिममा परेको छ ।

# प्रचण्ड–नेपाल भेटवार्ता : के–के भए कुराकानी ?

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालबीच भेटवार्ता भएको छ ।

अध्यक्ष दाहालको निवासमा भएको उक्त भेटघाटमा मुलुकमा पछिल्लो समय विकसित राजनीतिक घटनाक्रमबारे छलफल भएको हो । एकीकृत समाजवादीका स्थायी समिति सदस्य आलोक रायमाझीका अनुसार भेटका क्रममा वामपन्थी धुर्वीकरण, राष्ट्रिय तथा अन्तरराष्ट्रिय राजनीतिक परिस्थितिबारे समीक्षा, कम्युनिस्ट शक्ति एकताबद्ध गर्न भएका प्रयास, अन्तरराष्ट्रिय तहमा शक्तिराष्ट्रबीच भएका युद्ध र त्यसको प्रभाव तथा सरकारको कार्यशैलीबारे समेत छलफल भएको हो ।

दुई पार्टीका अध्यक्षबीचको भेटघाटमा माओवादी केन्द्र र एकीकृत समाजवादी पार्टीबीच भएका सहकार्य तथा एकताको सम्भावना, सैद्धान्तिक आधार र प्रक्रियागत विषयमा पनि छलफल भएको पनि उनले बताए ।

# भटौली खोलाको कटान, पक्की पुल जोखिममा

**रामेछाप ।** जिल्ला सदरमुकाम मन्थलीसहित रामेछापका विभिन्न चारवटा पालिकासहित जिल्लालाई राजधानी काठमाडौंसँग जोड्ने वैकल्पिक मार्गका रूपमा रहेको भटौली खोलाको पक्की पुल खोलाले कटान गर्दै जाँदा जोखिममा पर्न थालेको छ ।

सरमुकाम मन्थलीलाई खाँडादेवी, दोरम्बा शैलुङ र सुनापति गाउँपालिकालगायत संघीय राजधानी काठमाडौंसँग जोड्ने वैकल्पिक सडकखण्डमा पर्ने भटौली खोलाको पक्की पुल बाढीको कटानबाट उच्च जोखिममा परेको हो । जिल्लास्थित मन्थली नगरपालिका-७ र खाँडादेवी गाउँपालिका-४ पकरबासलाई जोड्ने उक्त पुलको पिलरमा भटौली खोलाको बाढी सिधै ठोक्किन थालेपछि पुल जोखिममा पर्दै गएको छ । खाँडादेवी-४ का स्थानीयक खेमबहादुर खत्रीले खोलाको बहावले पुलको पकरबासपट्टिको पिलरमा कटान गर्दै लगेको जानकारी दिए ।

खोलाको बहाव नै पुलको पिलरमा सोझै ठोक्किएकोले, टेवा पर्खाल वा जाली लगाएर संरक्षण नगरे पुलमा ठूलो क्षति पुग्न सक्ने पनि खत्रीले बताए । उनले पुलको सुरक्षाका लागि खाँडादेवी गाउँपालिका, मन्थली नगरपालिका र जिल्ला प्रशासन कार्यालयलगायत सरोकारवाला निकायलाई जानकारी गराइसकेको भएपनि कतैबाट सुनुवाइ नभएको बताए । वर्षायाम सुरु भएसँगै खोलामा बारम्बार बाढी आइरहेकाले तत्कालै उपाय नअपनाए पुलमा ठूलो क्षति पुग्ने उच्च जोखिम उच्च रहेको स्थानीय अक्कलबहादुर माझी बताए । वर्षाको बेला बाहुन्चुरा, पिङ्गखुरी र गागलको माथिल्लो भेगमा बढी पानी पर्ने गरेको र ती ठाउँमा परको पनीका कारण दैनिकजसो खोलामा बाढी आउने गरेकाले पनि यसलाई चाँडै नै क्षति हुनबाट बचाउन आवश्यक रहेको मन्थली नगरपालिका-७ का वडाध्यक्ष भुवनहरी प्रसाईंले बताए ।

'यो मन्थली नगरपालिका-७ र खाँडादेवी गाउँपालिका-४ को सिमानामा पर्दछ, मैले पनि नगर कार्यपालिकाको बैठकमा कुरा राखेको छु, दुवै पालिका मिलेर समस्या समाधान गर्न जरुरी छ' खाँडादेवी गाउँपालिका-४ का अध्यक्ष कृष्ण पौडेलले पनि यसबारेमा सम्बन्धित निकायलाई यसअघि नै जानकारी गराइसकेको बताए ।

## प्रचण्ड-जनार्दन...

गरेका छन् । 'दुई वर्षदेखि माथिल्लो तहबाट लगातार पार्टी फुट्छ भनी गरिएको प्रचारलाई यतिबेला थप मलजल गर्दै पार्टी कार्यकर्ता र जनतामा भ्रमको खेती गर्नेहरूप्रति सचेत हुन आग्रह गर्दछु,' आफ्नो धारणा सार्वजनिक गर्दै शर्माले लेखेका छन्- 'विशेष महाधिवेशन गर्ने निर्णय गरेको सन्दर्भमा अब पार्टीमा एजेन्डाकेन्द्रित बहस गरौं; जसले पार्टीको पुनर्गठन, सुदृढ र व्यवस्थित गर्न मद्दत पुग्नेछ ।'

'हुलाकी राजमार्ग र मध्यपहाडी लोकमार्ग (पुष्पलाल राजमार्ग) अभियानबाट आर्जेको ऊर्जालाई दुईबुँदे सहमतिपश्चात गिरेको पार्टीको साखलाई पुनः माथि उठाउन गम्भीर आत्मसमीक्षा गर्दै एजेन्डाकेन्द्रित बहसमा केन्द्रित होऔँ'- शर्माको भनाइ छ। माओवादीमा यतिबेला वैचारिक अस्पष्टता र राजनीतिक अन्योलता भएकाले पार्टी पुनर्गठन गर्नुपर्ने माग गरेको समेत शर्माले बताएका छन् ।

'विशेष महाधिवेशनले पार्टीभित्रको वैचारिक अस्पष्टता, राजनीतिक अन्योलता, सांगठनिक अराजकता, विधिविहीनतासहित नयाँ पुस्ताको भावना र सपना सम्बोधन गर्ने कार्ययोजना तयार पार्न पार्टीको पुनर्गठन गर्नेछ'- शर्माको भनाइ छ। यतिबेला सिंगो देश, जनता र राजनीतिक पार्टीहरू गम्भीर संकटबाट गुज्रिरहेका धारणा व्यक्त गर्दै यसको समाधान संविधानको संशोधन, अर्थतन्त्रको पुनर्संरचना र पार्टीको पुनर्गठन नै भएको उनले उल्लेख गरेका छन् ।

'अर्थतन्त्रको पुनर्संरचनाले संविधानले निर्दिष्ट गरेको समाजवादउन्मुख अर्थतन्त्रलाई नीतिगत व्यवस्थामा रूपान्तरण गर्दै, उत्पादन, वितरण तथा समावेशी विकासका नयाँ मानकहरू स्थापित गर्न मद्दत गर्दछ,' पूर्वमन्त्री शर्माको भनाइ छ- 'यसले संकटग्रस्त अर्थतन्त्रमा सुधार ल्याउनेछ ।'

आफूले उठाएका विषयको सम्बोधन हुँदा देशमा बढ्दै गएको कुशासन, कानुन निर्माणमा देखिएका चलखेल, भ्रष्टाचारको बेलगाम वृद्धि, जनसरोकारका विषयहरूप्रति बेवास्ताले उत्पन्न निराशालाई चिर्न समस्याको पहिचान गर्ने र समाधान दिने उनले बताएका छन् । उपमहासचिव शर्माले अध्यक्ष प्रचण्डमाथि नै 'संगीन आरोप लगाएको' भन्दै अन्य नेताहरू उत्तेजित हुन थालेपछि माओवादी केन्द्रको पदाधिकारी बैठक बसेको हो ।

अध्यक्ष प्रचण्डको सचिवालयका अनुसार स्थायी समितिको बैठक बस्ने तयारी चलिरहेका बेला त्यसैका निम्ति अध्यक्ष प्रचण्डले पदाधिकारी बैठक आह्वान गरेका हुन् । शुक्रबारका बस्ने गरी बोलाइएको स्थायी समितिको बैठकपछि केन्द्रीय समितिका बैठक बोलाइने भएको छ ।

## काम गर्न नसके...

मोर्चा विघटन गर्ने प्रस्ताव राखेको नभई मोर्चामार्फत देश र जनताका एजेन्डा प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आ-आफ्ना कमजोरी सुधारेर जानुपर्ने विषय उठाएको र बैठकले ती विषय स्वीकार्दै साझा संकल्प गरेको बताए । 'पछिल्ला दिनमा अलिकति प्रश्न उठेका छन्, अब निर्ममतापूर्वक सच्याउनेतिर लाग्नुपर्नेमा हामी पुगेका छौं,' प्रवक्ता विश्वकर्माले भने- 'नयाँ परिस्थितिमा नयाँ साझा एजेन्डा बनाएर देशव्यापी रूपमा जनतन्त्र, देश र जनताको पक्षमा सशक्त कार्यक्रम बनाएर जाऔं भन्नेमा दलहरूबीच साझा संकल्प भएको छ ।'

चार दलले ६-६ महिनामा आलोपालो नेतृत्व गर्ने गरी गठन भएको उक्त मोर्चाको अध्यक्ष सुरुमा एकीकृत समाजवादीका अध्यक्ष नेपालले समालेका थिए । सात प्रदेशमा सन्देशसभा सम्पन्न भएर ५५ जिल्लामा संयन्त्र विस्तार भएको थियो । आलोपालो नेतृत्वको सहमतिअनुसार २०८० फागुन ६ मा विप्लवले नेतृत्व समालेका थिए । विप्लवकै अध्यक्षतामा चैत १५ मा राजधानीमा विशाल विरोधसभा गर्नुको साथै अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो । हाल देशभर पालिकास्तरमा समेत संयन्त्र विस्तार भएको प्रवक्ता विश्वकर्माले बताए ।

यसैबीच गत वर्ष साउन १ गते जसपा नेपाल मोर्चाबाट बाहिरिएपछि पुनर्गठन गरी नेपाल समाजवादी पार्टी (नेसपा)लाई भित्र्याइएको थियो । माओवादी केन्द्र सत्तामा रहँदा मोर्चाको गतिविधिलाई ध्यान नदिएको भन्दै नेकपाले असन्तुष्टि पोख्दै आएको थियो । सत्ताबाट बाहिरएपछि लामो समयपछि बसेको मोर्चाको बैठकले विगतको समीक्षा, वर्तमान राजनीतिक अवस्था र भावी योजना एवं कार्यक्रम तय गरी १५ दिनभित्र प्रतिवेदन पेस गर्न कार्यदललाई निर्देशन दिएको थियो ।

झन्डै एक वर्षसम्म निष्क्रिय बसेको मोर्चाले अहिलेसम्म प्रतिवेदन पेस गरेको छैन भने गत वर्ष माघ १५ गते काठमाडौंमा आयोजना गरेको कार्यक्रममा समेत विप्लवले आफ्ना असन्तुष्टि पोखेका थिए । तर अहिलेसम्म कार्यदलले त्यो प्रतिवेदन बुझाएको छैन ।

कार्यदलका सदस्य एवं माओवादी केन्द्रका महासचिव देव गुरुङले रणनीति र कार्यनीति अनुसार एकता, सहकार्य र रूपान्तरण हुने जिकिर गर्दै रणनीति अनुसार नै मोर्चा गठन भएको दावी गर्दै आएका छन् ।

समाजवादी कार्यदिशाको आधार तय गर्ने र राष्ट्रिय मुद्दालाई साझा रूपमा हल गर्ने उद्देश्यले २०८० असार ४ गते राष्ट्रिय सभा गृहमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी), नेपाल कम्युनिस्ट पार्टी र जनता समाजवादी नेपाल मिलेर भव्य कार्यक्रम गरी मोर्चा घोषणा गरेका थिए ।

# 'विचार मिल्नेसँग' एकता गर्ने माओवादीको निर्णय

**काठमाडौं ।** प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) को पदाधिकारी बैठकले स्थायी समिति बैठकका एजेन्डा तय गरेको छ । बुधबार बसेको पदाधिकारी बैठकले तय गरेका एजेन्डामध्ये अन्य दलहरूसँगको सहकार्य र एकता समेत रहेको छ ।

पछिल्लो समय माओवादी केन्द्रको एकता र सहकार्यको चर्चामा माधवकुमार नेपाल नेतृत्वको पार्टी नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) र नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी रहे तापनि विप्लव नेतृत्वको पार्टी भने यसअघि नै एकताको निर्णयबाट पछि हटेको छ । नेपाल नेतृत्वको एकीकृत समाजवादीमा भने एकताका लागि प्रदेश तहबाटै सुझाव लिने क्रम चलिरहेको स्रोतको भनाइ छ । सोही अनुसार माओवादी-नेकपा एसबीच एकताको माहोल बनाउन दुवै दलले प्रदेश तहका नेता-कार्यकर्ताहरूसँग सुझाव संकलन गरिरहेको उपमहासचिव वर्षमान पुनले जानकारी दिएका छन् ।

नेता दिनानाथ शर्माले नेकपासँगको एकताबारे पनि स्थायी समितिमा छलफल हुने तर प्रक्रिया भने अघि बढ्न नसकेको बताए । माओवादी केन्द्रले साउन १६ देखि बस्ने गरी स्थायी समिति बैठक बोलाएको छ । पदाधिकारी बैठकमा समाजवादी मोर्चाबारे ब्रिफिङ गर्दै एकताका लागि नेकपा (एकीकृत समाजवादी) र नेपाल कम्युनिस्ट पार्टीसँग छलफल चलिरहेको जानकारी अध्यक्ष प्रचण्डले दिएका छन् । 'समाजवादी मोर्चाबारे ब्रिफिङ गर्नुभयो,' शर्माको भनाइ छ- 'पार्टी एकताका निम्ति पहल गर्ने भनेर छलफल चलिरहेको छ । माधवजीसँग पनि र विप्लवजीसँग पनि एकताका लागि छलफल चलिरहेको छ ।' पछिल्लो समय विशेषगरी माधव नेपालसँग अध्यक्ष प्रचण्डले लगातार छलफल गरिरहेको शर्माले बताए ।

समाजवादी मोर्चाका कामकारबाही र एकताबारे स्थायी समिति बैठकमा समेत छलफल हुने जानकारी दिँदै पदाधिकारी बैठकले पार्टीभित्र आन्तरिक एकताबारे फरक-फरक धारणा प्रस्तुत भएको उल्लेख गरे । पार्टीमा सुदृढ एकताका लागि स्थायी कमिटीमा छलफल गर्ने भइएको छ ।

स्थायी कमिटी बैठकमार्फत पार्टीको आन्तरिक एकता बलियो पार्ने निर्णय पदाधिकारी बैठकले गरेको जानकारी दिँदै आगामी महाधिवेशनको मिति तय गर्ने विषयमा समेत छलफल गर्ने र विचार मिल्ने दलहरूसँग पार्टी एकताका सन्दर्भमा विशेष प्रस्ताव पास गर्ने निर्णय गरेको माओवादी सचिव लीलामणि पोखरेलले बताए । स्थायी समितिको बैठकमा आउँदो महाधिवेशनका विषयमा छलफल गरिनुका साथै पार्टीको आन्तरिक एकता सुदृढीकरणका लागि विधि-पद्धतिका विषयमा समेत गहन छलफल गरिने नेताहरूले बताएका छन् ।


## सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरू !

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्रमा पुऱ्याऔं,
- सवारी साधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफुकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घर वरिपरि सर्प बस्न सक्ने सम्भावित ठाउँको पहिचान गरी तिनलाई नष्ट गरौं,
- रातको समयमा बुट लगाएर, टर्चलाइट बालेर मात्र हिँडौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरू बन्द गरौं,
- झुल लगाएर खाटमा मात्र सुतौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# बालिका बलात्कार मुद्दामा पूर्वप्रदेशप्रमुख थुनामा

**काठमाडौं ।** बालिका बलात्कारको आरोपमा पक्राउ परेका मधेश प्रदेशका पूर्वप्रमुख राजेश झा 'अहिराज' लाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएको छ ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) का तर्फबाट प्रदेश प्रमुख बनाइएका उनलाई जिल्ला अदालत काठमाडौंका न्यायाधीश पिताम्बर शर्माको इजलासले बुधबार सो आदेश दिएको हो ।

उक्त आदेशसँगै अभियोगी अहिराजलाई डिल्लीबजार कारागार चलान गरिएको छ । यौन दुर्व्यवहार गरेको कसुरमा साउन ४ गते उनी पक्राउ परेका थिए । २०७७ फागुन ७ मा मधेशको प्रदेश प्रमुख नियुक्त भएका अहिराजलाई बालिकामाथि यौन दुर्व्यवहार गरेको आरोप छ ।

# देशभर वर्षाको सम्भावना : सतर्क रहन आग्रह

**काठमाडौं ।** हाल देशभर मनसुनी वायुको प्रभाव रहेको जानकारी दिँदै जल तथा मौसम पूर्वानुमान महाशाखाले मनसुनको न्यूनचापीय रेखा पनि सरदर स्थानको आसपास नै रहेको उल्लेख गरेको छ ।

महाशाखाका अनुसार बिहीबार दिउँसो लुम्बिनी र सुदूरपश्चिम प्रदेशका पहाडी र तराई भेगमा साधारणतया आंशिक बदली भई सुदूरपश्चिमलगायत पहाडी भागका केही स्थानमा र लुम्बिनी प्रदेशका तराईका एक दुई स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना रहेको छ । बिहीबार राति कोशी, मधेस र सुदूरपश्चिम प्रदेशलगायत देशका पहाडी भूभागमा साधारणतया बदली रही तराई भेगमा आंशिक बदली हुने समेत महाशाखाले उल्लेख गरेको छ । मधेस र सुदूरपश्चिम प्रदेशलगायत पहाडी भेगका भूभागका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना छ ।

महाशाखाले सम्भावित वर्षाका कारण भूक्षय, बाढी तथा गेग्रान बहाबको जोखिम रहेको, सहरी तथा तराई क्षेत्रमा डुबान हुनसक्ने, ठूला तथा साना नदीनाला र खोलामा पानीको सतह बढ्ने भएकाले सचेत रहन सम्बद्ध सबैलाई अनुरोध गरेको छ । अधिक वर्षाले दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, निर्माण, सडक तथा हवाई यातायात प्रभावित हुनसक्ने भएकाले सतर्कता तथा पूर्वतयारी अपनाउन सर्वसाधारण तथा सरोकार भएका सबै निकायमा महाशाखाले अनुरोध गरेको छ ।

# प्रधानमन्त्री ओलीसहित १६ विरुद्ध प्रहरीमा उजुरी

**काठमाडौं ।** प्रधानमन्त्री केपी शर्मा ओलीसहित १६ जनाविरुद्ध सिन्धुलीका युवराज पौडेल 'सफल' ले प्रहरीमा उजुरी दिएका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौंमा हुलाकमार्फत उजुरी पठाएका पौडेलले प्रधानमन्त्री ओलिसहित आरोपित विभिन्न व्यक्तिहरूले पदमा रहँदा शक्तिको दुरुपयोग गर्दै मानव तस्करी गरेको उजुरी पठाएका हुन् । प्रधानमन्त्रीसहित गृहमन्त्री रमेश लेखक तथा पूर्वगृहमन्त्रीसहितलाई पक्राउ गरी अनुसन्धान गर्न उनले माग गरेका छन् । उजुरीमा प्रधानमन्त्री ओली एवं गृहमन्त्री रमेश लेखकसहित उपसभामुख इन्दिरा राना, पूर्वगृहमन्त्री बामदेव गौतम, कृष्ण सिटौला, भीम रावल, विजयकुमार गच्छदार, शक्तिबहादुर बस्नेत, विमलेन्द्र निधी, वालकृष्ण खाण, रवि लामिछाने, रामबहादुर थापा, नारायणकाजी श्रेष्ठ र पूर्व श्रममन्त्री डोलबहादुर अर्यालमाथि अनुसन्धान गर्न माग गरिएको छ ।

यसअघि पनि पौडेलले प्रधानमन्त्री ओलीसहितलाई कारबाहीको माग गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि उजुरी दिएका थिए । काठमाडौं प्रहरी परिसर प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक विश्वराज अधिकारीले उजुरी आए पनि आधिकारिक दर्ता हुन नसकेको बताए ।

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं